# मधेशी आयोग

## को

## प्रथम वार्षिक प्रतिवेदन

आ.व : २०७५/०७६

मधेशी आयोग
ललितपुर, नेपाल
२०७६

**<u>मधेशी आयोगको बार्षिक प्रतिवेदन (प्रथम)</u>**

प्रकाशक - मधेशी आयोग

ज्वागल, ललितपुर, नेपाल

फ्याक्स नं. +९७७-०१-५२६११८५

फोन नं. +९७७-०१-५२६११८५

अङ्क - प्रथम

website :www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार© मधेशी आयोग

कम्प्युटर/ मुद्रण — दीपकिरण प्रिन्टिङ एण्ड ट्रेडर्स्, बबरमहल, काठमाडौं



*तस्वीर १: आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूले पद तथा गोपनियताको सपथ ग्रहण गर्नुहुदै*

# आयोगका वर्तमान पदाधिकारीहरु




डा. विजयकुमार दत्त
माननीय अध्यक्ष




पुष्प राज शाही
सचिव

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं: १६६००११६१८५


पत्र संख्या: २०७६/०७७

चलानी नं: १०३

मिति: २०७६ असोज

सम्माननीय राष्ट्रपतिज्यू,

राष्ट्रपतिको कार्यालय

शीतलनिवास, काठमाण्डौं।

विषय - बार्षिक प्रतिवेदन सम्बन्धमा ।

नेपालको संविधानको धारा २६२ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक बर्ष २०७५/०७६ मा सम्पादन गरेका कामसित सम्बन्धित प्रतिवेदन यसैसाथ संलग्न गरी पेस गरेको छु ।

भवदीय

.................................

डा. विजय कुमार दत्त

अध्यक्ष

# मन्तव्य

आम नेपाली जनताको चाहना र भावना अनुरुप पहिलो र दोश्रो संविधान सभाको सफलतम परिणामको रुपमा नेपालको संविधान, २०७२ आम जनताले पाए । सात दशकको अखण्ड सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक यात्राबाट मुलुकले सुन्दरतम स्वरूप प्राप्त गरेको र वाचा, कबोल पुरा भएको जनअभिमत प्राप्त भएको छ। नेपालको संविधान, २०७२ को भाग २७ र धारा २६२ मा मधेशी आयोगको प्रावधान गरिएको छ । यस धारा अनुसार “नेपालमा एक मधेशी आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन ।" २०७४ साल असोज २७ गते यस आयोगको ऐन न.२० को रुपमा प्रमाणीकरण गरियो  र संविधानको धारा २९६ को उपधारा (१) वमोजिमको व्यवस्थापिका संसदले ऐन बनायो । संविधानमा व्यवस्था गरिए अनुसार संबैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७५ चैत्र ०७ गते यस आयोगका अध्यक्षको नियुक्ति भयो । शपथ ग्रहण भएको मिति २०७५ चैत्र ०७ गते देखि नै म अध्यक्षको जिम्मेवारीयुक्त कार्य प्रारम्भ गरे । आ.व. २०७५/७६ को तीन महिना तेइस दिनमा ऐनमा व्यवस्था गरिएको मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान,हक,हितको संरक्षण र सम्वर्धन तथा सशक्तिकरण गर्ने वैधानिक व्यवस्था अनुसार अहोरात्र कार्य गर्ने दृढ संकल्पित भई कार्य प्रारम्भ गरियो ।

नेपालको संविधानको धारा २९४ को उपधारा (१) मा संवैधानिक निकायले आफुले गरेको परिभाषित कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था रहेको छ । प्रतिवेदनमा आयोगले वर्षभरिमा गरेका कामहरु र भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी सिफारिस गरिएका कार्यहरु समावेश रहेका छन् ।

आयोगको स्थापना र कार्यारम्भ भएको केहि महिनामै सेवाग्राहीको पहुँच, सशक्तिकरण र रुपान्तरको लागि सहज बनाउने पवित्र अभिप्रायले आयोगलाई पूर्णरूपमा प्रविधियुक्त बनाउने प्रयासले सार्थकता प्राप्त गरेको छ । यसवाट गाउँ-

देहातका आम नेपाली जनतालाई इमेल, वेवसाइट, मोवाइल एप, फेसबुक, पेज, निशुल्क फोन सुविधा (टोल-फ्रि नम्बरः १६६००११६१८५) सहितबाट सर्वसाधारणहरुको पहुँचको अवस्थामा सरलीकरण र सहजीकरण भएको यत्र-तत्र र सर्वत्र अनुभूति भएको देखिन्छ । आयोगलाई चुनौतीको चांगको रुपमा नभई सुनौलो अवसरको रुपमा लिदैं कार्य प्रारम्भ भयो, मुलुकको विकास र समृद्धिको अभियानलाई महायज्ञको रुपमा लैजानुपर्ने आवश्यकता भएकोले यो आयोगले पनि सोही राष्ट्रिय समृद्धिको अभियानमा यज्ञीको रुपमा समर्पित गर्दै **"सुशासन र चतुर्दिक समृद्धिको अभियान, मधेशी आयोग जनअपेक्षित प्रस्थान"** को मूल कार्यात्मक कार्यको अभियानलाई अक्षरशः पूर्ण इमानदारी, जिम्मेवारी र जवाफदेहिताको यही भावना अनुसार कार्य प्रारम्भ भएको हो। लगभग दुई महिनाभित्र नै पुर्व मेचीदेखि पश्चिम महाकाली सम्मको यात्रा प्रायः हुलाकी राजमार्ग केन्द्रित र सीमा क्षेत्रका जनताको मर्म र पीडालाई अक्षरांकन गर्ने पवित्र कार्य प्रारम्भ भयो जसमा प्रदेश १ को झापाको विर्तामोड, भद्रपुर, दमक, गौरादह, गौरिगंज, सीमाक्षेत्र मोरंगको बिराटनगर, रंगेली, सीमाक्षेत्र, सुनसरीको धरान, इनर्वा, भुटाहा, सीमाक्षेत्र गरी २४ वटा औपचारिक र अनौपचारिक बैठक एवम् कार्यक्रम सुसम्पन भयो। मा. मुख्यमन्त्रीज्यू र मा. प्रदेश प्रमुखज्यू संग समेत भेटघाट र छलफल भयो। आम जनताका जिज्ञासाहरुलाई जिल्लागतरुपमै निर्वाचित जनप्रतिनिधिहरु र जिल्लाका कार्यालय प्रमुखज्यूहरुसंग वैठक गरी समस्या समाधानार्थ पहल गर्ने कार्य सार्थकता पाएको छ । प्राप्त जिज्ञासा र समाधानका उपायहरुको सम्वन्धमा संचारकर्मीहरुसंग जिल्लागत र प्रदेशगत भेटघाट र छलफल सुसम्पन्न भएको थियो ।

यसै गरी प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोतरी, सर्लाही, रौतहट, वारा र पर्सामा नागरिक समाज, पेशागत समाज, महिला नेतृतकर्मी, दलित समुदाय, संचारकर्मी, राजनीतिक दलका प्रतिनिधिहरु, जननिर्वाचित प्रतिनिधिहरु, जिल्लाका कार्यालय प्रमुखहरु ,मा.मुख्यमन्त्री, मा.प्रदेश प्रमुख सहितका ३० वटा औपचारिक र अनौपचारिक कार्यक्रमहरु सुसम्पन्न भए । यी कार्यक्रमहरु हुलाकी राजमार्ग र सीमा क्षेत्र केन्द्रित भएका थिए ।

प्रदेश ५ को कपिलवस्तुको तौलिहवा, बाँकेको नेपालगन्ज, सहितका स्थानहरुका साथै बर्दियाको गुलरिया, राजापुर, मधुवनका स्थानहरुमा नागरिक समाजका अगुवाहरु, राजनीतिक दलका प्रतिनिधिहरु, पुर्व सांसद, वर्तमान निर्वाचित जनप्रतिनिधिहरु, आम जनता, संचारकर्मी, जिल्लाका कार्यालय प्रमुखहरु तथा मा. मुख्यमन्त्रीज्यूसंग गरी जम्मा दशवटा औपचारिक र अनौपचारिक बैठकहरु सम्पन्न भए ।

सुदुरपश्चिम प्रदेशमा महेन्द्रनगर, धनगढी, भजनी, टीकापुरका स्थानहरुमा जिल्लाका कार्यालय प्रमुखहरु, आमजनता, नागरिक अगुवाहरु, संचारकर्मीहरु, युवा, महिला, मा.मुख्यमत्री, मा.प्रदेश प्रमुख संगको वैठक जम्मा १० वटा सुसम्पन्न गरी ललितपुर ज्वागलमा रहेको केन्द्रीय कार्यालयमै हिमाल, पहाड, तराई-मधेशका बुद्धिजिवीहरु, नागरिक समाजमा अगुवा, साहित्यकार, पत्रकार, जातीय संगठनका अगुवा तथा पदाधिकारीहरु, संवैधानिक आयोगका प्रमुखज्यूहरु, तथा कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, निर्वाचित जनप्रतिनिधिहरु समेत गरी तीन दर्जन भन्दा वढी औपचारिक र अनौपचारिक बैठकबाट प्राप्त जिज्ञासाहरु र त्यसका सामाधानार्थ २०७५ आषाढ २५ गते मा.उप-प्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखेलज्यूको प्रमुख आतिथ्यमा तराई-मधेशका झन्डै दुई सय जना विज्ञहरुलाई काठमाण्डौमा केन्द्रित गरी अन्तरक्रियात्मक गोष्ठी सुसम्पन्न भयो, जसमा अल्पकालीन र दिर्घकालीन समस्याका समाधानार्थ विभिन्न बुँदा एवम् अवयवहरुको सुक्ष्म अन्वेषण भयो । यसका साथै सम्माननीय उप-राष्ट्रपतिज्यू, सम्माननीय सभामुखज्यू, सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यू ,पूर्व राष्ट्रपतिज्यू, पूर्व प्रधानमन्त्रीज्यूहरु, पूर्व पदाधिकारीज्यूहरु एवं आवश्यक सबै सरोकारवालाहरुसंग गहन विचार-विमर्श सुसम्पन्न भएको छ ।

प्रदेश. १, २, ३, ५ र सुदूरपश्चिम प्रदेशहरुका साथै राष्ट्रियकार्यशाला गोष्ठीबाट तराई मधेशमा सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय, प्रशासनिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य तथा अन्य विविध क्षेत्रका चुनौतीहरू र त्यसका

कार्यकक्षहरु यस प्रतिवेदनमा सुसज्जित गरिएको छ । यी प्रदेशहरुमा तीव्रतम विकास र समृद्धिका लागि ऐतिहासिक तथा पुरातात्विक क्षेत्र, धार्मिक तथा सांस्कृतिक क्षेत्र, आर्थिक तथा पूर्वाधार क्षेत्र, प्राकृतिक तथा वातावरणीय क्षेत्र, सामाजिक क्षेत्र, कृषि क्षेत्र, पोखरी, ताल, सरोवर क्षेत्र, शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र, राजनीतिक क्षेत्रको विकासलाई प्रभावकारी निरन्तरता प्रदान गरिएमा मुलुकको समग्र विकासको लागि "कोसेढुंगा" प्रमाणित हुनेछ । यी क्षेत्रहरुको ठोस कार्यको लागि क्रमशः कार्यपत्र लेखन र कार्यशाला गोष्ठीहरु आयोजना गरिने आयोगको पञ्चवर्षिय योजनामा रहेको छ ।

आयोगको अध्यक्षको हैसियतमा कार्यसम्पादन गर्ने क्रममा मधेशी आयोगको पृष्टभूमि देखी अग्रभूमि सम्म संक्षिप्त सिंहावलोकन गर्दा जनककालीन र बुद्धकालीन गणतन्त्रात्मक इतिहास पुनः मुलुकले प्राप्त गरेको छ । यस आयोगका सबल पक्षमा हेर्दा यसले संवैधानिक हैसियतमा रहेकाले मधेशी समुदायले गर्व प्राप्त गरेको छ ।यसको स्पष्ट दुरदृष्टी र दृष्टिकोण मधेशी समुदायको हक, हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरणसँग सम्बन्धित रहेको छ ।

अनुभवी र प्रबुद्ध कर्मचारीहरुको पद र दरबन्दीको व्यवस्था गरेको अवस्था छ । चुनौतीलाई अवसरमा परिणत गर्ने जिम्मेवारी समेत रहेको र दिईएको छ । "**विविधता बिचको एकता, नेपालीहरुको मुख्य विशेषता**" को कार्यलाई अक्षरशः अवलम्वन गरेको छ । "**हिमाल-पहाड मधेश-तराई, कोहि छैन पराई हामी सबै दाई-भाई**" को सुन्दर अवधारणालाई यथार्थमा नै परिणत गर्ने कार्य प्रारम्भ गरेको छ । समग्रतामा मुलुकको प्रत्येक भूखण्ड र भूगोलका साथै प्रत्येक जात-जातिलाई पल्लवित र पुष्पित गर्ने कार्यको परम् पवित्र अवसर प्रदान गरेको छ । तर यसमा निम्न केहि सुधारात्मक पक्षको समेत आवश्कता रहेको आंकलनबाट केहि सुझावहरु स्वरुप यस मुलुकको सम्मानित संस्था मार्फत सार्वभौम संसद समक्ष यो संदेशलाई अपिल समेत गरेको छु ।

प्रथमत, संविधान संशोधन मार्फत अन्य आयोग जस्तै राष्ट्रिय शब्द थप गरी राष्ट्रिय मधेशी आयोग बनाउँदा राम्रो हुन्छ, दोस्रो, मधेशी आयोगको ऐन संशोधन गरी अन्य संवैधानिक आयोगमा भए सरह विशिष्ट श्रेणीको सचिवको दरबन्दीको व्यवस्था गर्नुपर्छ, तेस्रो, कार्यक्षेत्र, प्रकृति र भाषा अनुसारको कर्मचारी र आवश्यक दरबन्दीको व्यवस्था गर्दा आयोगको उद्देश्यनुसार लक्ष्य प्राप्तिमा सहयोग पुग्छ, चौथो, संविधानको धारा २६२ को उपधारा (१) लाई यथाशीघ्र लागु गर्दा आयोगलाई कार्यसम्पादन गर्ने समूचित वातावरण तयार हुन्छ, पाँचौ, प्रादेशिक कार्यालयहरु स्थापना गर्दा मधेशी समुदायहरु छरिएर रहेकाले आयोगसँगको पहुँचमा सहजता हुन्छ ।

आवश्यक बजेटको पर्याप्तता र समयभित्र उपलब्धता नहुने जस्ता केहि अल्पकालीन तथा दिर्घकालीन चुनौतीहरू समेत रहेका छन् । प्रतिकुल अवस्थामा पनि पूर्ण अनुकूलन र चुनौतीहरूलाई अवसरको रुपमा रुपान्तर गरी पहुँच, परिवर्तन र सशक्तिकरणलाई अग्रस्थानमा राखी मितव्ययिताको आधारमा अधिकतम् प्रतिफलको सिद्धान्तलाई अक्षरशः चरितार्थ गर्ने गरेमा आयोगको अन्तर ध्यय पुरा हुने कुरा सबैमा विश्वस्त गराउँदछु ।

अन्त्यमा यस आयोगले ऐन बाट निर्देशित काम, कर्तव्य र अधिकार अवसर र चुनौतीहरू, मधेशी समुदायको अपेक्षा र जिज्ञासाहरु रणनीतिक र कार्यनीतिक योजना, अभिलेख अध्ययन, प्रोफाइलहरु निर्माण, छलफल र अन्तरक्रिया कार्यक्रम, लक्ष्य, दुरदृष्टि, मानवीय मुल्य-मान्यताहरु, समानता र सामाजिक न्याय, जवाफदेहिता, पहुँच, सशक्तिकरण र रुपान्तरको सुनिश्चितता, निष्पक्षता, पारदर्शिता, सहभागिता र समावेशीकरण, मधेशीमा नै मधेशीको उचित प्रतिनिधित्व, विविधताको उचित सम्मान, उचित प्रतिफल, समन्वय, सहकार्य, संजालीकरण एवम् साझेदारी, उन्मुख-कार्य, प्रविधिको नविनतम सदुपयोग, सुगम कार्य योजना, निरन्तरता र प्रभावकारिता, अध्ययन र अनुसन्धान-मुलक कार्य, गोष्ठी, अभिमुखीकरण, पारम्परिक पेशागत सीपहरुको व्यवसायीकरण, विपन्नताको लागि सम्पन्नतामूलक

कार्य सहितको **"माटो सुहाउँदो"** संस्कृतिको विकासात्मक कार्यक्रमहरुको तर्जुमा गरी तथा सशक्तिकरणका लागि सीपको यथार्थतालाई अंगिकार गरी समुदायको तीव्रतम विकासका कार्यमा चेतना र सचेतनामुलक कार्यक्रमलाई अग्रपथ तर्फ सरिक भई नेपालीय भूगोलको स्वभाव अनुकूलन कार्य गर्दै जाने देखिन्छ । जसबाट मानव अधिकार र मानवीय अधिकारका मुल्य र मान्यताहरुबाट मुलुक पुष्पित भईनै रहनेछ । यसै प्रतिबद्धताका साथ केहि भावना र शाब्दिक विरामित पलका साथै जिज्ञासा, धैर्य र नेतृत्व विकासको हार्दिक अपेक्षा रहेको छ । हार्दिकताका साथ, आदर, आभार, अभिवादन र नमस्कार ।

जय नेपाल।

डा. विजयकुमार दत्त

मा.अध्यक्ष

मधेशी आयोग

मिति :-२०७६/०६/०७

# कार्यकारी सारांश

**सम्माननीय राष्ट्रपतिज्यू,**

मुलुकमा विविधता व्यवस्थापन गर्ने महत्त्वपूर्ण सवालमध्ये मधेशी समुदायहरुको उत्थान र विकास पनि एक हो। यो विषयलाई सम्बोधन गरी लोकतन्त्रमा अल्पमत र बहुमतको असल अभ्यास गर्दागर्दै यो विषय ओझेलमा नपरोस भन्ने हेतुले झन्डै एक बर्ष अघि राज्यबाट नै स्वतन्त्र र सर्वाधिकार सम्पन्न संवैधानिक रुपमा मधेसी आयोगको गठन भएको थियो। हालसम्म, सरकारले मधेशी आयोग ऐन २०७४ बाट आयोगको कार्यक्षेत्र स्पष्ट गरी मार्गदर्शन गरिदिएको छ। आयोगले बैठक संञ्चालन सम्बन्धी कार्यविधि, २०७६ र आन्तरिक व्यवस्थापन निर्देशिका, २०७६ आयोगबाट स्वीकृत गरी कार्यसम्पादनमा विधिको शासन स्थापित गरिएको छ। आयोगको ऐनमा २० बटा कामहरु उल्लेख गरिएका छन, संक्षिप्तमा भन्नू पर्दा मुख्यकामहरु सरोकारवालासँग परामर्श गर्ने र त्यसको सरकारलाई सिफारिस गर्नेसँग सम्बन्धित नै छ।

मधेशी समुदायको सशक्तीकरण गर्ने, मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने,साँस्कृतिक कुरीति र अन्धविश्वासको अन्त गर्ने, त्यस सम्बन्धी कार्यक्रम तर्जुमा गर्ने, यस सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, यस सम्बन्धी योजना बनाउने, अनुगमन र मुल्यांकन गर्ने, यी विषयमा अध्ययन अनुसन्धान गर्ने, पक्ष राष्ट्र बनेका सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वको अनुगमन गर्ने, मधेशी समुदायको थरहररूको पहिचान गरी त्यसको सुची नेपाल सरकारलाई सिफारिस गर्ने र मधेशी समुदायको अधिकार उलंघन सम्बन्धी उजुरी लिने जस्ता कामहरू छन, मुलतः मधेशी समुदायको सवालमा आएका कार्यक्रमहरूको अनुगमन मुल्याकन गरी सरकारलाई सिफारिस गर्ने, आवश्यक परेका निकायसँग राय परामर्श लिने, विशेषज्ञ सेवा लिने र कुनै विषयमा ठोस जानकारी लिन कार्यदल गठन गर्ने जस्ता जिम्मेवारी प्राप्त छन।

आ.ब. २०७५/२०७६ मा ३२ बटा अर्न्तक्रिया गोष्ठिहरु भएका छन जसबाट सरकारले मधेशी समुदायको लागि परिणाममुखी काम गर्न तयार रहेको छ भन्ने

सकारात्मक सन्देश गएको छ।

वितेको बर्षको कार्यक्रम वजेट रु ४६ लाख मध्य भौतिक प्रगति ९५% प्राप्त भएको छ। प्रदेश स्तरमा चेतनामुलक कार्यक्रमहरु सन्चालन भएका थिए। चालू खर्च सहित झन्डै रु ५ करोड बजेट मध्य ७०% खर्च भएको थियो, आयोगबाट प्रदेशस्तरमा चेतनामूलक कार्यक्रममा ३२ पटक गरी झन्डै ३ हजार लक्षित व्यक्तिहरूलाई समावेश गर्न सफल भएको छ। पदाधिकारी र कर्मचारीको पुर्ति नहुदा बजेट रकम बचत भई फिर्ता भएको हो। मेसिनरी र फर्निचर तर्फ आयोगमा आउन बाँकी पदाधिकारीहरूको सुविधासँग सम्वन्धित सामग्रीहरु बाहेक सवै बार्षिक लक्ष्यमा तोकिएका खरिदको कार्य सम्पन्न गरिएको छ। आयोगको घर भाडामा रहेकाले जनशक्ति र पदाधिकारीनुसार पर्याप्त कार्यकक्षको अभाव नै छ।

मुलुकको तराई क्षेत्रमा आईपरेको विपद व्यवस्थापनका घटनाहरुमा जस्तै वितेको बर्षको चैत्र महिनामा बारा पर्सामा आएको हावाहुरीको क्षति र तराई क्षेत्रमा गत असारमा आएको बाढी पहिरोको क्षतिको स्थलगत अध्ययन अवलोकन स्वयम् आयोगको अध्यक्षबाट भई आयोगले सरकारका तीनै तहसंग समन्वय र सहकार्य प्रभावकारी बनेर उचित राहत तथा उद्दारको काम सफल बनाउन सोको प्रतिवेदन सार्वजनिक गरी सरकारलाई सत्यतत्य सुझावहरु दिदै आएको छ।

मधेशी समुदायको उत्थान र विकासमा रहेको समस्याको रूपमा उल्लेख गर्नुपर्दा सामाजिक साँस्कृतिक कुरीतिहरुको बिधमानता रहनु,बाताबरणीय विनासका परिघटनाहरुले मधेशी समुदाय भित्रका कमजोर बर्गमा बढी असर देखिनु, सरकारको आधारभूत शिक्षा र स्वास्थ्यको हक दिलाउने कार्यक्रमबाट अझैपनि लाभ लिन र परिणाममुखी नदेखिएको, सामाजिक, आर्थिक प्रशासनिक, राजनीतिक संरचनामा मधेशी समुदायको प्रभावकारी उपस्थिति आवश्यक रहेको, आयोगमा पर्याप्त बजेट र कार्यक्रमबाट उद्देश्यउन्मुख हुन नसकेको, मधेशी समुदायहरुसँगबाट आयोगमा सजिलो पहुँच स्थापित गर्न सकिएको छैन।

मधेशमा मुलुकको झन्डै दुई तिहाई जनसख्या रहेको छ र जसमध्य झन्डै ३६ प्रतिशत मधेशी समुदायको बसोबास छ*(:२०११को जनगणना, नेपाल)*, अनि यो समुदायको बाहुल्य रहेको प्रदेश २ नै भएपनि मुलुकका सातै प्रदेशमा छरिएर

बसोबास गर्ने गर्दछन, साथै यो समुदाय विशेष ईतिहास, संस्कृति, रहनसहन र गौरवको गाथा बोकेको समुदाय हो तथापि ऐतिहासिक राज्यको अव्यव र विरासतले यो समुदायलाई मुलधार र संरचनाबाट पछाडि पारिएको बिषय कोही कसैबाट नकार्न सकिने बिषय होईन। राज्य एउटा अभिभावक हो, यो वा त्यो ढंगले कुनै समुदाय पछि पर्यो, त्यो पनि राज्यकै कारणले हुन्छ। जसरी आमाबावुले सपाङ्ग नभएको बच्चालाई फालेर त्याग्न सक्दैनन् त्यसरी नै समुच्च नेपालको सवै समुदायहरूको जिम्मेवार अभिभावक भएको नाताले यदि मधेशी समुदाय पनि यो वा त्यो तरिकाले पछि परेको हो भने ती पक्षलाई मुलधारमा ल्याउने काम पनि राज्यकै रहन्छ। यो नै सम्पूर्ण नेपालको विविधता, विषमता, असमानता र भेदभावलाई सम्बोधन गर्ने मुल दर्शन हुन सक्छ।

आयोगको विधमान् संरचना र दरबन्दी मधेशी समुदायको सवालमा एउटा सशक्त सामाजिक परामर्शदाता र सल्लाह दिने कार्यदलको रुपमा उभिएको छ, झन्डै बीसवटा कामहरुको सूची आफैमा सवै विषयहरु भिन्नभिन्न र अत्यन्त गहन खालका सवालहरु छन, यस्ता संम्वेदनशील पक्षहरूलाई हेर्न वितिकै आयोगको तर्फबाट हेर्न, सिफारिस दिन र निष्कर्षमा आउन नसकिने हुन्छ होला जस्तो लाग्छ, यसका लागि अध्ययन अनुसन्धान र गहिरो विश्लेषण हुनु जरुरी हुन्छ। तसर्थ यसका लागि पर्याप्त बजेट,समय, स्रोतसाधन र दक्ष जनशक्तिको आवश्यकता हुन्छ। झन्डै डेढ दर्जन बिषयगत सवालहरुमा कार्यदल गठन गरी गहन अध्ययन हुनुपर्ने देखिन्छ, सो को प्रतिवेदनबाट मार्गदर्शन भएनुसार नीति, योजना र कार्यक्रम तर्जुमा गर्दा तथ्यमा आधारित बनाउन सकिने आयोगको आंकलन छ। यसलाई मूर्तरुप दिई सार्थक बनाउनका लागि बार्षिक बीस करोड कार्यक्रम बजेटमा विनियोजन हुन आबश्यक छ, तथापि अहिले हामी विज्ञहरुको सूची तयार गर्ने क्रममा छौं । यसमा नेपाल सरकारले प्राथमिकतासाथ आयोगको सिफारिसलाई सम्बोधन गरी सामाजिक विषमता अन्त गर्न र मधेशी समुदायको सशक्तीकरण तथा विकास गर्न अग्रसर भईदिँदा आयोगलाई टेवा पुग्ने देखिएको छ।

मधेशी समुदायभित्र रहेका जातजातिहरूको पहिचान र त्यसको समानुपातिक सहभागिता प्रवर्धन गर्न नसकिएको, राज्यबाट तोकिएको मापदण्ड पुऱ्याउन

उनीहरूको सीप क्षमता विकास गर्ने सहुलियतपूर्ण कार्यक्रमहरुको अपर्याप्तता र अप्रभावकारिता रहेको अवस्था छ।

समस्या समाधानका लागि भन्नुपर्दा आयोगले बजेटका लागि प्रस्ताव गरेका कार्यक्रमहरू नेपाल सरकारले प्राथमिकतासाथ स्वीकृत गर्नुपर्ने,मधेशीथरको पहिचानको लागि आयोगमा एउटा कार्यदल गठन हुनुपर्ने, मधेशीको विभिन्न आयामहरूको एकीकृत तथ्यांक आउने विशेष जनगणना गरी मधेशी आयोगको कामलाई सहजता मद्दत पुर्याउनुपर्ने,मधेशी आयोगमा राष्ट्रिय शव्द थप गर्न ऐन संशोधन गर्नुपर्ने, कामलाई छरितो र सूचनामुलक बनाउन सरकारका तहहरूमा र सवैजसो निकायहरूमा सम्पर्क विन्दु तोकिनुपर्ने, सरकारले मधेशी समुदायको सशक्तीकरण र क्षमता विकासको कार्यक्रम स्वीकृत गर्नुअघि आयोगसँग पर्याप्त छलफल र परामर्श गरिनुपर्ने र त्यस्ता कार्यक्रमको सिधै आयोगमा प्रतिवेदन हुनुपर्ने व्यवस्था गरिदिनुपर्छ। साथसाथै मधेशी समुदायको सनातन संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण र सशक्तीकरण गर्न मधेशमा संग्रहालय-प्रतिष्ठान जस्ता सँस्थाहरू स्थापना गर्ने, अर्कोतिर परम्परागत कुरीतिहरुको अन्त गर्न ठोस कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनमा जनसमुदायको सहभागितालाई प्रवर्द्धन गरी अन्धविश्वास र कुरीतिहरूको समाप्तीमा बिजय हासिल गर्न सकिनेछ।

आज्ञाले,
मधेशी आयोग
ज्वागल, ललितपुर, नेपाल।

# विषयसूची


| विषय | पेज नं. |
|---|---|
| **परिच्छेद — १** | |
| **प्रारम्भिक** | |
| १.१ पृष्ठभूमी | १ |
| १.२ आयोगको उद्देश्य | १ |
| १.३ आयोगको गठन, काम, कर्तव्य र अधिकार | १ |
| १.४ संगठन | ४ |
| **परिच्छेद —२** | |
| **कार्यक्रम र लागत** | |
| २.१ वार्षिक कार्यक्रम र खर्च | ५ |
| २.२ विनियोजित बजेट र खर्च | ६ |
| **परिच्छेद —३** | |
| **सञ्चालित गतिविधि र कार्यक्रम** | |
| ३.१ प्रदेश १,२,५ र सुदूरपश्चिम प्रदेशमा भएको अन्तरक्रियाहरु | ८ |
| ३.२ आयोगबाट भएका कार्यक्रमहरु | ३४ |
| **परिच्छेद —४** | |
| **सिफारिस तथा सुझाव** | |
| ४.१ अर्न्तक्रिया कार्यक्रमबाट प्राप्त सुझाव तथा सिफारिस | ३५ |
| ४.२ पर्यावरणीय क्षेत्रमा नेपाल सरकारबाट गर्नुपर्ने सुधारहरु सम्बन्धी सुझावहरु | ३८ |

## परिच्छेद– ५
## भौतिक स्रोत साधन र उपयोगको अवस्था

५.१ भौतिक स्रोत साधन र उपयोगको अवस्था ५१

## परिच्छेद –६
## उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

६.१ उपलब्धीहरु ५२
६.२ प्रमुख चुनौतिहरु ५३
६.३ सुझावहरु ५४
६.४ भावी कदमहरु ५५

# अनुसूचिहरु

**अनुसूचि - १**

आयोगको स्विकृत दरबन्दी चार्ट

**अनुसूचि - २**

आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

**अनुसूचि - ३**

बजेट शीर्षक २३००११३ को बार्षिक आर्थिक विवरण

**अनुसूचि - ४**

बजेट शीर्षक २३०००१३ को बार्षिक आर्थिक विवरण

**अनुसूचि - ५**

राजस्व संकलनको वार्षिक आर्थिक विवरण

**अनुसूचि - ६**

बजेट शीर्षक २३००११४ को बार्षिक आर्थिक विवरण

**अनुसूचि - ७**

प्रदेश ३ मा भएको अन्तरक्रियात्मक कार्यक्रममा सहभागी विज्ञहरुको सूची

**अनुसूचि — ८**

आयोगमा परेका उजुरीहरुको विवरणहरु

**अनुसूचि — ९**

आयोगबाट भएको स्थलगत अनुगमन

**अनुसूची — १०**

आयोगको प्रेस विज्ञप्ति

**अनुसूची - ११**

आयोगको बैठकका निर्णयहरु

**अनुसूची - १२**

आयोगको भौतिक सम्पत्तिको जिन्सी निरीक्षण फाराम

# आयोगको वार्षिक कार्यप्रगतिको एक झलक

यस आयोगको स्थापना मिति २०७५।०७।२५ भएको हो । आयोगको आफ्नै जग्गा तथा घर नभएकोले ललितपुर जिल्लाको ज्वागलमा घर भाडामा लिइ कार्यालय संचालन गरिएको छ, आयोगका मा. अध्यक्षज्यूको पदवहाली मिति २०७५।१२।०७ मा भएको हो । आयोगका अन्य माननीय सदस्यहरुको नियुक्ति हुन बाँकी छ ।

आ.व. ०७५।७६ मा आयोगबाट गरिएका कार्यहरुको रुपमा उल्लेख गर्नुपर्दा प्रदेश १ मा अनुशिक्षण गोष्ठी सम्पन्न गरिएको छ, त्यसैगरी प्रदेश २ अन्तर्गतका ८ वटै जिल्लामा अनुशिक्षण गोष्ठी सम्पन्न गरिएको छ, प्रदेश ५ र सुदूरपश्चिम प्रदेश मा अनुशिक्षण गोष्ठी सम्पन्न गरिएको छ, केन्द्रीय स्तरको अनुशिक्षण गोष्ठी प्रदेश ३, काठमाडौमा सम्पन्न गरिएकोमा उल्लेखित अनुशिक्षण गोष्ठीबाट प्राप्त महत्त्वपूर्ण राय सुझावलाई यसै वार्षिक प्रतिवेदनमा समावेश गर्न खोजिएको छ ।

आयोगको कार्यक्षेत्र र उद्देश्यहरु सम्बन्धी जानकारी मूलक जिंगल ४ (मैथिली, भोजपुरी, अवधि, नेपाली) भाषामा निर्माण भएको र उक्त जिंगल आषाढ महिनाभर थाहा संचार नेटवर्क मार्फत देशैभर प्रसारण गरिएको थियो । आयोगको कार्यसम्पादन र अभिलेख प्रणालीलाई प्रविधिमा आधारित बनाउन E-Attendance को व्यवस्था भई मिति २०७६।०१।०२ गते नै सन्चालनमा रहेको छ ।

पूर्ण प्रविधिमा आधारित कार्यसम्पादन गर्ने एउटा नमुना आयोगको रुपमा चिनाउने लक्ष्य छ, यसका लागि पुस्तकालयको व्यवस्था, ई-पुस्तकालय बनाउने क्रममा रहेको, आयोग परिसरमा CCTV को व्यवस्था, वेबसाइट, फेसबुक पेज र मोबाइल एप निर्माण, उजुरी संकलनको लागि निशुल्क फोन सेवा (टोल-फ्रि नम्बरः १६६००११६१८५) समेत संचालन गरिएको छ। साथसाथै आयोगको उद्देश्यलाई जनअपेक्षित बनाउन विभिन्न समुदाय, वर्ग, क्षेत्र र विज्ञहरुसँगको छलफल बैठक ९९ पटक भएको छ ।

# आयोगको वार्षिक कार्यविवरणको एक झलक

| प्रदेश नं. | जिल्ला | अनुशिक्षण कार्यक्रम भएको मिति | कार्यक्रम संख्या | उपस्थित संख्या |
|---|---|---|---|---|
| १ | मोरङ, सुनसरी, झापा | २०७६/०२/१८ देखि २४ गते सम्म | ५ पटक | ३५० जना |
| २ | सप्तरी, सिराहा | २०७६/०१/१६ देखि २० गते सम्म | ६ पटक | १२५० जना |
| २ | धनुषा, महोत्तरी | २०७६/०१/२९ देखि ०२/१६ गतेसम्म | १० पटक | ५०० जना |
| २ | सर्लाही, रौतहट, बारा, पर्सा | २०७६/०२/१० देखि ०२/१६ गतेसम्म | ७ पटक | ४५० जना |
| ३ | काठमाण्डौ | २०७६/०३/१५ गते | १ पटक | १५० जना |
| ५ र सुदूरपश्चिम प्रदेश | कपिलवस्तु, कैलाली, बाके | २०७६/०३/०६ देखि १२ गतेसम्म | ३ पटक | २३१ जना |

# परिच्छेद - १

## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

मधेशी समुदायको जनभावनालाई मध्य नजर राखी नेपालको संविधान, २०७२ को धारा २६२ मा मधेशी आयोगको व्यवस्था छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नको लागि नेपालको संविधान, २०७२ को धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले मधेशी आयोग ऐन, २०७४ बनाइ मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो । नेपाल सरकारको मिति २०७५।०७।२५ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम माननीय अध्यक्षको रुपमा डा. विजयकुमार दत्तज्यू नियुक्ति हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन बाट कार्य प्रारम्भ भई मधेशी आयोग मधेशी समुदायको हक हित संरक्षण र सम्बर्द्धनमा आफ्नो कार्यसम्पादन गर्दै आएको छ ।

### १.२ आयोगको उद्देश्य

नेपालको संविधान, २०७२ को धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हित संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नु नै यस आयोगको मूल उद्देश्य रही आएको छ ।

### १.३ आयोगको काम कर्तव्य र अधिकार

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएका छन् ।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भईरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरिती, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेको छ ।

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संबैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने

भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

## १.४ संगठन

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर स्थित ज्वागलमा आयोगको केन्द्रीय कार्यालय स्थापना भएको छ ।

नेपालको संविधान, २०७२ को धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु रहने व्यवस्था छ ।

आयोगको काम कारवाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन ढाँचा बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत ३० जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । संगठन ढाँचा अनुसूची-१ आयोगमा कार्यरत कर्मचारीको विवरण अनुसूची-२ मा दिइएको छ ।

# परिच्छेद-२

# कार्यक्रम र लागत

## २.१ वार्षिक कार्यक्रम र खर्च

(क) यस आयोगका लागि आ.ब.२०७५/७६ मा ब.उ.शि.नं. २३००११३ चालु खर्च तर्फ खर्च शीर्षक नं. २२५२२ कार्यक्रम खर्चमा विनियोजन भएको बजेट रु ४६,००,०००/- (अक्षेरुपी रु छयालिस लाख मात्र) लाई तपशिल बमोजिमको कार्यक्रम संचालन गर्ने लक्ष्य राखी यस आयोगको मिति २०७६/१/११ गतेको बैठकबाट बजेट बाँडफाड एवं स्वीकृत गरिएको थियो ।

**तपशिल**

| **सि.नं.** | **कार्यक्रम** | **बजेट** |
|---|---|---|
| १. | प्रदेश १ मा एउटा अनुशिक्षण गोष्ठी संचालन गर्ने | ३,००,०००/- |
| २. | प्रदेश २ का सबै ८ वटा जिल्लामा अनुशिक्षण गोष्ठी संचालन गर्ने | २०,००,०००/- |
| ३. | प्रदेश २ मा प्रदेशस्तरीय अनुशिक्षण गोष्ठी संचालन गर्ने | ३,००,०००/- |
| ४. | प्रदेश ५ र सुदूरपश्चिम प्रदेश को सहभागी उपस्थित हुने गरी एउटा अनुशिक्षण गोष्ठी संचालन गर्ने | ७,००,०००/- |
| ५. | केन्द्रीयस्तरको अनुशिक्षण गोष्ठी संचालन गर्ने | ७,००,०००/- |
| ६. | जिंगल निर्माण | १,००,०००/- |
| ७. | जिंगल प्रशारण | ५,००,०००/- |
| **जम्मा** | | **४६,००,०००/-** |

(ख) विनियोजित बजेटबाट मिति २०७६/०१/१३ गते प्रदेश २ को सप्तरी जिल्लाबाट अनुशिक्षण कार्यक्रम संचालन गरी सुरु भएको कार्यक्रमहरु मिति २०७६/०३/२५ गते काठमाडौंको होटेल एलो प्यागोडामा केन्द्रीय स्तरको

अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरी आ.ब.२०७५/७६ मा गरिने कार्यक्रमहरुको विधिवत रुपमा समापन गरियो । स्वीकृत कार्यक्रमहरुमा विनियोजन गरिएको बजेट मध्ये तपशिलका कार्यक्रमहरुमा तपशिल बमोजिमको खर्च भएको छ ।

| सि.नं. | कार्यक्रम | विनियोजित बजेट | कार्यक्रममा भएको यथार्थ खर्च | भौतिक प्रगती | आर्थिक प्रगती |
|---|---|---|---|---|---|
| १. | प्रदेश १ मा एउटा अनुशिक्षण गोष्ठी संचालन गर्ने | ३,००,०००/- | २,९८,३९८/- | १०० % | ९९.४६ % |
| २. | प्रदेश २ का सबै ८ वटा जिल्लामा अनुशिक्षण गोष्ठी संचालन गर्ने | २०,००,०००/- | १९,१२,९३१/- | १०० % | ९५.६५ % |
| ३. | प्रदेश २ मा प्रदेशस्तरीय अनुशिक्षण गोष्ठी संचालन गर्ने | ३,००,०००/- | - | ० % | ० % |
| ४. | प्रदेश ५ र सुदूरपश्चिम प्रदेश को सहभागी उपस्थित हुने गरी एउटा अनुशिक्षण गोष्ठी संचालन गर्ने | ७,००,०००/- | ५,७०,८३९/- | १०० % | ८१.५४ % |
| ५. | केन्द्रीयस्तरको अनुशिक्षण गोष्ठी संचालन गर्ने | ७,००,०००/- | ५,६८,७३३/- | १०० % | ८१.२४ % |
| ६. | जिंगल निर्माण | १,००,०००/- | ८१,३६०/- | १०० % | ८१.३६% |
| ७. | जिंगल प्रशारण | ५,००,०००/- | ३,८५,३३०/- | १०० % | ७७.०६ % |
| **जम्मा** | | **४६,००,०००/-** | **३८,१७,५९१/-** | **९५ %** | **८२.९९ %** |

## २.२ विनियोजित बजेट र खर्च

यस आयोगका लागि आ.ब. २०७५/७६ मा प्राप्त अख्तियारी अनुरुप बजेट उप शीर्षक अनुसार तपशिल बमोजिमको विनियोजन, निकासा एवं खर्च भएको छ ।

### आ.ब.२०७५/७६ मा भएकोविनियोजन र खर्चको विवरणको साराशं

| क्र.सं. | ब.उ.शि.नं. | विनियोजन | खर्च | खर्च प्रतिशत | बजेट बाँकी | बजेट बाँकी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २३०००१३ | ५६०००००.०० | ३७६८५०.४० | ६.७३ | ५२२३१४९.६० | ९३.२७ |
| २ | २३००११३ | २२२००००००.०० | १३४२७०४९.०० | ६०.४८ | ८७७२९५१.०० | ३९.५२ |
| ३ | २३००११४ | २३१००००००.०० | २१८७७२६९.०० | ९४.७१ | १२२२७३१.०० | ५.२९ |
| | जम्मा | ५०९०००००.०० | ३५६८११६८.४० | ७०.१० | १५२१८८३१.६० | २९.९० |

प्रत्येक बजेट उप शीर्षकमा भएको खर्च शीर्षक अनुसारको विनियोजन, निकासा एवं खर्चको विवरण समावेश भएको आ.ब.२०७६/७६ को वार्षिक आर्थिक विवरण अनुसुचि ६ मा समावेश गरिएको छ । यस आयोगले आ.ब.२०७५/७६ मा रु ३००००/- राजस्व संकलन गरेको छ सो को आर्थिक विवरण अनुसुची ५ मा समावेश गरिएको छ ।

यस आयोगको ब.उ.शि.नं. २३००११४ पुजिगत तर्फ विनियोजित बजेटबाट यस आयोगले भाडामा लिइएको घरमा पार्टेशनको कार्य घरको भित्री भागमा रङ्गरोगन सम्बन्धी कार्य बिजुलीबत्तीको कार्य गरेको छ । सवारी साधन खरिद शीर्षकमा विनियोजन भएको बजेटबाट ४ पाङ्ग्रे ३ वटा र २ पाङ्ग्रे ७ वटा सवारी साधनको खरिद गरी प्रयोगमा ल्याईएको छ । मेशिनरी ओजार अन्तर्गत यस आयोगका लागि आवश्यक ए.सी., कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर लगायतका मेशिनरी सामान खरिद गरिएको छ भने फर्निचर एवं फिक्चरमा विनियोजन भएको बजेटबाट आयोगका लागि अत्यावश्यक टेवल, कुर्सी, सोफासेट एवं पर्दा गलैचा लगायतका सामान खरिद गरिएको छ । यस आयोगको जिन्सी सामानको संख्या परल मूल्य एवं चालु अवस्थामा रहे नरहेको बारे विस्तृत रुपमा खुलाई तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसुची १२ मा समावेश गरिएको छ ।

# परिच्छेद— ३

## आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो ।

## ३.१ गतिविधि

### ३.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने सम्बन्धमा आयोगले विभिन्न माध्यमबाट उजुरी संकलन गर्ने कार्य गरेको थियो । यस आयोगको उजुरी संकलन गर्ने माध्यमहरुमा आयोगको आधिकारिक वेभ साइड, इमेल, आयोगको फेसबुक पेज, टोल फ्रि नम्बर, आयोगको सम्पर्क नम्बर एवम माननीय अध्यक्ष ज्यूको मोबाइल नम्बर साथै प्रत्यक्ष रुपमा आयोगमा दर्ता गर्ने आदि प्रक्रियाहरु रहेक छन् । आयोगमा परेको अधिकांश उजुरीहरुमा मधेशी समुदायको हक अधिकारको संरक्षण, संम्बर्द्धन एवम सशक्तिकरण, थर सुचीकृत, अपराधीक कार्य, सीमा बिवाद, तथा मानव अधिकार उल्लघंन सम्बन्धी रहेका थिए । विभिन्न माध्यमबाट आयोगमा प्राप्त भएको उजुरीहरु माथि सरोकारवाला निकायहरुसंग आवश्यक छलफल गरी समाधान भईसकेको तथा केही उजुरी समाधानको प्रक्रियामा रहेका छन् । उजुरी सम्बन्धमा विस्तृत विवरण अनुसूचि-८ मा उल्लेख गरिएको छ ।

### ३.१.२ अनुगमन

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने सम्बन्धमा आयोगबाट विभिन्न प्रदेश, जिल्ला, क्षेत्र र समुदायमा अनुगमनको कार्य गरेको थियो। आयोगबाट भएको अनुगमन सम्बन्धमा विस्तृत विवरण अनुसूची-९ मा उल्लेख गरिएको छ ।

### ३.१.३ अधिकार प्रर्वद्धन तथा सशक्तिकरण

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको हक हित र अधिकारका संरक्षण र सम्बर्द्धनका निम्ति मधेशीको समस्या र समाधान विषयमा प्रदेश १ को मोरङ्ग, सुनसरी र झापा जिल्लामा, प्रदेश २ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा जिल्लामा, प्रदेश ५ को कपिलवस्तु, बर्दिया र बाके, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र कैलाली जिल्लामा २०७६ साल बैशाख, जेष्ठ र आषाढ महिनामा कार्यक्रम सञ्चालन गरिएको छ ।

## समग्रमा, सम्पन्न कार्यक्रमको समष्टिगत विवरण

| प्रदेश नं. | जिल्ला | कार्यक्रम मिति | कार्यक्रम सं. | उपस्थित संख्या |
|---|---|---|---|---|
| १ | मोरङ्ग, सुनसरी, झापा | २०७६/०२/१८देखि २४ गते सम्म | ५ पटक | ३५० जना |
| २ | सप्तरी, सिराहा | २०७६/०१/१६ देखि २० गते सम्म | ६ पटक | १२५० जना |
| २ | धनुषा, महोत्तरी | २०७६/०१/२९ देखि०२/१६ गतेसम्म | १० पटक | ५०० जना |
| २ | सर्लाही, रौतहट, बारा, पर्सा | २०७६/०२/१० देखि १६ गतेसम्म | ७ पटक | ४५० जना |
| ३ | काठमाण्डौ | २०७६/०३/२५ गते | १ पटक | १५० जना |
| ५ र सुदूरपश्चिम प्रदेश | कपिलवस्तु, कैलाली, बाके | २०७६/०३/०६ देखि १२ गतेसम्म | ३ पटक | २३१ जना |

## प्रदेश १ मा सञ्चालन गरिएको अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश १ को मोरङ्ग, सुनसरी, झापा जिल्लामा मिति २०७६/०२/१० देखी ०२/१६ गते सम्म ५ वटा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम संचालन गरी समस्या तथा सुझावहरु प्राप्त गरियो । आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूको नेतृत्वमा भएको यस कार्यक्रमबाट देखिएको अवस्था, स्थानीयबासीहरुले भोगीरहेको समस्या र सोको समाधानका लागि सहभागीहरुको तर्फबाट सुझावहरु प्राप्त समेत भएको थियो ।

यी जिल्लामा आयोगले अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्धेश्य ती जिल्लाहरुमा रहेका समस्याहरुको पहिचान गरी अल्पकालीन र दीर्घकालीन समाधानार्थ नेपाल सरकारलाई सुझाव दिने रहेको थियो ।



*प्रदेश १ मा भएको कार्यक्रम*

सरकारी र गैह्र सरकारी क्षेत्रका करिब ३५० जना सरोकारवालाहरुको यस कार्यक्रममा उपस्थिती थियो । यी जिल्लाहरुमा समेत स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले मधेशीका अल्पकालीन र दिर्घकालीन समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरु समेत घोषणा गरी कार्यान्वयन तर्फ अग्रसर भएको पाईयो । सगसगै, राजनीतिक दलहरु र सामाजिक संघसंस्थाहरु समेत समस्या समाधान तथा सहयोगका लागि प्रतिवद्ध रहेको देखीयो ।

मोरङ्ग, सुनसरी, झापा जिल्लामा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रमा जातीय विभेद र जातीयकरण क्रमश बढ्दै गएको, विद्यार्थीको सरकारी विधालयबाट कक्षा छोड्ने दर (Dropout) बढ्दै गएको, मधेशी आयोगको प्रदेश कार्यालय र जिल्ला कार्यालय स्थापना अनिश्चित रहेको, स्वदेशमा रोजगारीको अभाव रहेको, असारे विकासको चलन रहेको, दलित

समुदायको साक्षरता बढ्न नसकेको, क्रसर उद्योगहरु अधिक रुपमा संचालित रहेकोले वातावरण विनास हुदै गईरहेको भन्ने गुनासाहरु सहभागीहरुले राखेका थिए ।

यसैगरी, विप्रेषण अनुत्पादक क्षेत्रमा खर्च भएको, जिल्लाका केही विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको, स्थानीय सरकार प्रभावकारी हुन नसकेको, यत्रतत्र राजनीतिक हस्तक्षेप रहेको, सम्बन्धित निकायबाट निगरानीको अभाव रहेको, विकास आयोजनाहरुको कार्यान्वयन पक्ष पूर्णत कमजोर रहेको, कृषिमा व्यवसायिकरणको अभाव रहेको र कृषि उत्पादनको लागि विशेष क्षेत्र घोषणा हुन नसकेको जस्ता समस्याहरुको उजागर उनीहरुले गरेका थिए ।

यी जिल्लामा मेला र महोत्सवमा अत्यधिक खर्च भएको, सहकारी संस्थाहरुको मनोमानी रहेको, मादकपदार्थ र लागुपदार्थको विक्रि वितरणमा सम्बन्धित निकायले नियमन गर्न नसकेको, सामाजिक कार्यमा प्रतिबन्धित डिजे प्रयोग भएको, विपन्नता (आर्थिक, सामाजिक, सांस्कृतिक) बढ्दै गएको, देश दर्शनजस्ता सामाजिक कार्य हुन नसकेको, सरकारी विधालयमा पाठ्यपुस्तक कक्षा सञ्चालन भएको महिनादिनसम्म नपुगेको, पाठ्यक्रममा मधेश र मधेशीका सम्बन्धमा विषयवस्तु नरहेको, प्रतिभावान् र पौरखी युवाहरु वैदेशिक रोजगारमा वा जेलमा रहेको, विद्यालयको खाजा कार्यक्रम बन्द भएको, जातीय बाहुल्यताका आधारमा काम हुने गरेको, वैदेशिक रोजगारीले सामाजिक विकृति ल्याएको, पुनर्स्थापना केन्द्र नभएको अनाथ बालबालिकाको लागि संरक्षण केन्द्र नभएको र चाकरी गर्ने गराउनेको प्रभाव रहेकोले सीधासाधा नागरिकहरुले दुख पाइरहेको गुनासो सहभागिहरुबाट आएको थियो ।

## प्रदेश २ मा सञ्चालन गरिएका कार्यक्रमहरुमा प्राप्त समस्या र जिज्ञासाहरु

### (क) सप्तरी, सिराहा जिल्लामा सञ्चालन गरिएको अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश २ को सप्तरी र सिराहा जिल्लामा मिति २०७६/०१/१६देखि ०१/२० सम्म अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम

संचालन गरी समस्या तथा सुझावहरु प्राप्त गरियो । आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूको नेतृत्वमा गरेको यस कार्यक्रमबाट देखिएको अवस्था, स्थानीयबासीहरुले भोगीरहेको समस्या र सोको समाधानका लागि सहभागीहरुको तर्फबाट सुझावहरु प्राप्त समेत भएको थियो ।

सप्तरी र सिराहा जिल्लामा आयोगले अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्देश्य ती जिल्लाहरुमा रहेका समस्याहरुको पहिचान गरी अल्पकालीन र दीर्घकालीन समाधानार्थ नेपाल सरकारलाई सुझाव दिने रहेको थियो ।



*प्रदेश २ मा भएको कार्यक्रम*

सरकारी र गैह्र सरकारी क्षेत्रका विभिन्न सरोकारवालाहरुको यस कार्यक्रममा राम्रो उपस्थिती देखियो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले मधेशीका अल्पकालीन र दिर्घकालीन समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरु समेत घोषणा गरी कार्यान्वयन तर्फ अग्रसर भएको पाईयो । सगसगै राजनीतिक दलहरु र सामाजिक संघसंस्थाहरु समेत समस्या समाधान तथा सहयोगका लागि प्रतिवद्ध रहेको देखियो ।

सप्तरी र सिराहा जिल्लामा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालनको क्रममा सीपयुक्त शिक्षा, प्राविधिक शिक्षा र गुणस्तरीय शिक्षाको आवश्यकता रहेको,औषधिको अभाव, विशेषज्ञको अभाव, महिला चिकित्सकको अभाव रहेका साथै अवैध अस्पताल र क्लिनिकहरू सञ्चालनमा रहेको, अल्पसंख्यकहरुको समस्या दिनानुदिन बढ्दै गइरहेको र कम भूगोलमा धेरै जनसंख्याको चाप (जनघनत्वको) बढेको, निजामती, सेनामा मधेशी नागरिकको न्यून सहभागिता देखिएको, तराइको क्षेत्रमा अङ्गिकृत नागरिकताको समस्या छ, जस्तै २०६४ सालमा वितरण गरिएको नागरिकतामा, अंगिकृत नागरिकता र वैवाहिक नागरिकतामा समस्या रहेको, कृषिमा मल बिउको अभाव, सिचाईको अभाव र सम्बन्धित निकायबाट जनसंख्याको उच्च वृद्धिदर नियन्त्रण गर्न समुचित कदम नचालिएको जस्ता समस्याहरु कार्यक्रममा सहभागीद्धारा राखिएको थियो ।

त्यसैगरी, चुरेको विनास नियन्त्रण गर्न नसकिएको, हुलाकी सडकको अपुर्णताको कारण सर्वसाधारणले समस्या भोग्नु परेको, निर्वाचनलाई पूर्णत स्वच्छ, निष्पक्ष बनाउन नसकिएको, निर्वाचन अत्यधिक खर्चिलो भएको, मधेशीको स्पष्ट र वैधानिक परिभाषा नभएको, नेपाल पक्ष भएका सन्धी सम्झौताको ऐतिहासिक अध्ययन नभएको, विभिन्न समुदायको मातृभाषामा शिक्षा नभएको, संस्कृतिलाई कुरितीजन्य बनाएको जस्ता दुखेसाहरु जनताबाट व्यक्त भएका थिए ।

व्यक्तिको नैतिकता पतन हुँदै गएको, युवाहरुमा उच्च बेरोजगारीको समस्या रहेको, वैदेशिक रोजगारीमा जाने व्यक्तिको संख्या उच्च रहेको, सार्वजनिक र गुठीको जग्गाको अधिग्रहण भईरहेकोले त्यसलाई रोक्न सम्बन्धित निकायले चासो नदेखाएको, लैंगिक समानताको अभाव देखिएको, सामाजिक सद्भाव खलबलिँदै गइरहेको, उत्पादन क्रमश घट्दै गएको र आयात उच्चतम विन्दुमा रहेको, उद्योग धन्दा क्रमश बन्द भएको, हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप क्रमश बढ्दै गएको र लैंगिक हिँसा बढ्दै गएकोले यी समस्याहरुको समयमै समाधान गर्नुपर्ने धारणा सहभागीहरुले राखेका थिए ।

## (ख) धनुषा र महोत्तरी जिल्लामा सञ्चालन गरिएको अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम




*मधेशी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूलाई कार्यक्रममा स्वागत गरिदैं ।*

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश २ को धनुषा र महोत्तरी जिल्लामा मिति २०७६/०१/२९देखि ०२/०८ सम्म अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम संचालन गरी समस्या तथा सुझावहरु प्राप्त गरियो । आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूको नेतृत्वमा गरिएको यस कार्यक्रमबाट देखिएको अवस्था, स्थानीय बासीहरुले भोगीरहेको समस्या र सो को समाधानका लागि सहभागीहरुको तर्फबाट सुझावहरु प्राप्त समेत भएको थियो ।

धनुषा र महोत्तरी जिल्लामा आयोगले अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्देश्य ती जिल्लाहरुमा रहेका समस्याहरुको पहिचान गरी अल्पकालीन र दीर्घकालीन समाधानार्थ नेपाल सरकारलाई सुझाव दिने रहेको थियो ।

सरकारी र गैह्र सरकारी क्षेत्रका करिब ५०० जना सरोकारवालाहरुको यस कार्यक्रममा उपस्थिती थियो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले मधेशीका अल्पकालीन र दिर्घकालीन समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरु समेत घोषणा

गरी कार्यान्वयन तर्फ अग्रसर भएको पाईयो । सँगसँगै राजनीतिक दलहरु र सामाजिक संघसंस्थाहरु समेत समस्या समाधान तथा सहयोगका लागि प्रतिवद्ध रहेको देखीयो । धनुषा र महोत्तरी जिल्लामा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्दा सहभागीहरुबाट व्यक्तिको सोच रुपान्तरणमा समस्या रहेको अनुशासनहिनता बढ्दै गएको, महिला उपमेयरहरु पराश्रित भएका, स्थानीय शिक्षकहरुले पठन पाठनमा लापरवाही गरेको, विभिन्न क्षेत्रका क्षेत्रगत तथ्यांकहरु तयार नभएको, राजनीतिक समस्याहरु समाधान नभएको, भ्रष्टाचारको अवस्था चरमचुलीमा रहेको, राजनीतिक क्षेत्रको प्रभाव र दबाब रहेको, जिल्लाका विभिन्न सरकारी निकायमा कर्मचारीको अभाव, फरक क्षमता भएका मानिसहरुलाई शिक्षा सहितका व्यवस्था नभएको जस्ता समस्या तथा जिज्ञासाहरु सहभागीहरूले उठाएका थिए ।




*महोत्तरीको कार्यक्रममा उपस्थित सहभागीहरु सँग माननीय अध्यक्ष ज्यू ।*

बुद्धिजिवीहरुले राज्य निर्माणमा सकारात्मक भुमिका नखेलेका, व्यापारीहरुले मनोमानी रुपमा मूल्यवृद्धि उच्च गरेका, मधेशीहरु दोहोरो समस्यामा परेको, खोलामैत्री वातावरण नभएको, सीमाका जनताले विभिन्न किसिमका समस्या भोग्नु परिरहेको, शुद्ध खानेपानीको समस्या भएको, दाइजो, वालविवाह, छुवाछुत सहितका सामाजिक कुरीति नियन्त्रण गर्न नसकेको, राज्यका निकायमा प्रतिनिधित्वको समस्या, सीमाक्षेत्रका जनतालाई शिक्षा, स्वास्थ्यमा समस्या आउने गरेको गुनासो सहभागिहरुबाट आएको थियो ।

## (ग) सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालन गरिएको अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश २ को सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा मिति २०७६/०२/१० देखि ०२/१६ गतेसम्म सम्म अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम संचालन गरी समस्या तथा सुझावहरु प्राप्त गरियो । आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूको नेतृत्वमा गरिएको यस कार्यक्रमबाट देखिएको अवस्था, स्थानीयबासीहरुले भोगीरहेको समस्या र सो को समाधानका लागि भई रहेको कार्यक्रमहरु बारे सहभागीहरुको तर्फबाट जिज्ञासा समेत प्राप्त भएको थियो ।

यी जिल्लामा आयोगले अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्देश्य ती जिल्लाहरुमा रहेका समस्याहरुको पहिचान गरी अल्पकालीन र दीर्घकालीन समाधानार्थ नेपाल सरकारलाई सुझाव दिने रहेको थियो ।

सरकारी र गैह्र सरकारी क्षेत्रका करिब ४५० जना सरोकारवालाहरुको यस कार्यक्रममा उपस्थिती थियो । यी जिल्लाहरुमा समेत स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले मधेशीका अल्पकालीन र दिर्घकालीन समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरु समेत घोषणा गरी कार्यान्वयन तर्फ अग्रसर भएको पाईयो । सगसगै राजनीतिक दलहरु र सामाजिक संघसंस्थाहरु समेत समस्या समाधान तथा सहयोगका लागि प्रतिवद्ध रहेको देखियो।

सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रममा सहभागीहरुको तर्फबाट कटान, डुबान, भरानको समस्या रहेको, अरु जिल्लाबाट ढुंगाको निकासी बन्द भएकोले निर्माण कार्यमा समस्या भईरहेको, समाजमा राज्यप्रति सकारात्मक सोचको अभाव देखिएको, मधेशको भुमि मरुभूमिमा परिणत हुदै गइरहेको, शुद्ध पिउने पानीको चरम समस्या भएको र गर्भपतनमा व्यापकता आएकोले महिलाको स्वास्थ्यमा जोखिम बढ्दै गइरहेको जस्ता समस्याहरु राखेका थिए ।

यी जिल्लामा स्वास्थ्य शिक्षाको अभाव भएको, युवा वर्गमा सशक्तिकरणको अभाव भएको, जिल्लामा आयोगको Help Desk बनाउनुपर्ने, जनसंख्याको आधारमा बजेट विनियोजन गर्नुपर्नेमा सो नभएको, निर्वाचित जनप्रतिनीधिलाई अभिमुखीकरण गराउनु पर्नेमा सो नभएको, सीमामा परिचयपत्र लागु गर्नुपर्ने सो नभएको, भारतीय सुरक्षाकर्मीबाट अपहेलित हुनुपरेकोले सम्बन्धित निकायबाट त्यसको रोकथाम नभएको, भूउपयोग नीति नभएकोले जमिन बाझै रहने समस्या देखिएको, सांस्कृतिक पहिचान क्रमश स्खलित हुँदै गएको, पहिचान, प्रतिनिधित्व, पहुँचको समस्या रहेको र लागूपदार्थमा युवाहरु अत्यधिक संलग्न भईरहेको अवस्था उनीहरुले कार्यक्रममा राखेका थिए ।

सहिदहरुप्रति उचित सम्मान नभएको, घाइतेका सन्तानलाई निशुल्क शिक्षा नदिएको, वैवाहिक उमेर समाज अनुरुप कायम नभएको, प्रमुख जिल्ला अधिकारीहरु समावेशीकरणका आधारमा नियुक्ति नभएका, प्रदेश २ प्रतिको हेराइ नै विभेदात्मक रहेको, मधेशीहरु भित्र नै विपन्न मधेशीको पहुँच नभएको, माटो र बाटोमा सरकारी रकम दुरुपयोग हुने गरेको, चुरेलाई Water Rechargable बनाउनुपर्नेमा सो नभएको, तराईको क्षेत्रमा दोहोरो नागरिकताको समस्या देखिएको, तराइमा बसोबास गर्ने पहाडेमुलका थर व्यवस्थापन हुन नसकेको र सामाजिक प्रगति प्रभावकारी हुन नसकेको लगायतका समस्याहरु सहभागीबाट आयोग समक्ष राखिएको थियो ।

## (घ) प्रदेश ५ र सुदूरपश्चिम प्रदेश मा सञ्चालन गरिएको अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश ५ को कपिलवस्तु र बाके, सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा मिति २०७६/०३/०६ देखि १२ गतेसम्म ३ वटा अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम संचालन गरी समस्या तथा सुझावहरु प्राप्त गरियो ।



*सुदुरपश्चिम प्रदेश मा भएको कार्यक्रम*

आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यू को नेतृत्वमा सञ्चालित यस कार्यक्रमबाट देखिएको अवस्था, स्थानीय बासीहरुले भोगिरहेको समस्या र सहभागीहरुको तर्फबाट सुझाव तथा जिज्ञासाहरु  समेत प्राप्त भएको थियो ।

यी जिल्लामा आयोगले अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्धेश्य ती जिल्लाहरुमा रहेका समस्याहरुको पहिचान गरी  अल्पकालीन र दीर्घकालीन समाधानार्थ नेपाल सरकारलाई सुझाव दिने रहेको थियो ।



*प्रदेश  ५ मा भएको कार्यक्रम*

सरकारी र गैह्र सरकारी क्षेत्रका करिब २३१ जना सरोकारवालाहरुको नागरिकहरुको यस कार्यक्रममा उपस्थिती थियो । यी जिल्लाहरुमा समेत स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले मधेशीका अल्पकालीन र दिर्घकालीन समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरु समेत घोषणा गरी कार्यान्वयन तर्फ अग्रसर भएको पाईयो । सगसगै राजनीतीक दलहरु र सामाजिक संघसंस्थाहरु समेत समस्या समाधान तथा सहयोगका लागि प्रतिवद्ध समेत रहेको पाईयो ।

कैलाली, बाके र कपिलवस्तु जिल्लामा सञ्चालित अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रममा अव्यवस्थित बसाईंसराईको समस्या रहेको, कृषि कार्यमा सिंचाइको समस्या रहेको, कृषियोग्य जग्गालाई अन्य प्रयोजनका लागि कित्तावंदी गरेको, सुकुम्बासी समस्या विकराल रहेको, रैथाने मधेशी अल्पमतमा पर्दै गएको, योजनाबद्ध विकास नभएको, राजमार्ग केन्द्रित विकास भएको, जातीय विभेदको समस्या समाधान नभएको, कमैयाहरुको समस्या अझै रहेको, विश्व बौद्धिक सम्पत्ती सुचीकृत नभएको, हरेक क्षेत्रमा सार्वजनिक लेखापरीक्षण हुन नसकेको, दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारी नभएको, समाजमा आधुनिकीकरणको समस्या रहेको र विकासमा दिर्घकालीन सोचको अभाव देखिएको सहभागीहरुले समस्याहरु प्रस्तुत गरेका थिए ।

यी जिल्लाका पोखरी तालको संरक्षण नभएको, ऐतिहासिक र पुरातात्विक सम्पत्तीको संरक्षण नभएको, सांस्कृतिक संरक्षणको वातावरण हुन कायम नसकेको, मधेशी महिलाको राजनीतिमा सहभागिता न्यून रहेको, बाढी, अग्नि, आँधीबेहरी, चिसो पीडितको समयमै समस्या समाधान तथा पूर्वतयारी नभएको, महिला नेतृत्वमाथि समाजको विश्वास न्यून भएको, प्राकृतिक विपद व्यवस्थापनको पूर्वतयारी हुन नसकेको, प्राकृतिक स्रोतको संरक्षण हुन नसकेको, मधेशीहरुलाई करदाता र मतदाताको रुपमा मात्र प्रयोग गरेको, समुदायहरु बीचको भावनात्मक दुरी बढ्दै गईरहेको भन्ने दुखेसो उनीहरुले आयोग समक्ष पोखेका थिए ।

दक्ष जनशक्तिको माग र आपूर्तिमा तालमेल नभएको, लोपोन्मुख करोरी मुसहर जातको संरक्षण हुन नसकेको, विभिन्न क्षेत्रमा विचार विमर्श हुने वातावरण नरहेको, प्रदेश ५ मा

ग्रामीण सीप संरक्षणको लागि MEDPA प्रभावकारी हुन नसकेको, ग्रामीण सीप क्रमश लोप हुँदै गएकोले सो को संरक्षण हुन नसकेको, गरीबी न्यूनीकरणका कार्यक्रम प्रभावकारी हुन नसकेको, काठमाडौं र मधेशको विषमताको दुरी नघटेको, नागरिक समाज र अभिभावक सचेत नभएको, नागरिकहरु कर्तव्यमुखी भन्दा अधिकारमुखी हुने गरेका, Non-Governmental Organization, International non-governmental organization (NGO, INGO) का कार्य अपारदर्शी हुने गरेको कुराहरु त्यस अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुको तर्फबाट उनीहरुले राखेका थिए ।

सामाजिक संस्था पूर्ण उत्तरदायी हुन नसकेको, विभिन्न क्षेत्रमा समन्वय र सहकार्यको अभाव हुँदै गएको, समाजको द्वन्द्व व्यवस्थापनमा प्रभावकारिता नदेखिएको, सरकारी अस्पतालका डाक्टर पेशाप्रति जिम्मेवार नभएको र निजी क्षेत्रले लुट मच्चाएको, महिलामैत्री कार्य वातावरणको अभाव रहेको, विभिन्न सरकारी निकायका सूचनामा अभाव रहेको, शिक्षाको गुणात्मकता घट्दै गएको सरकारी निकायबाट त्यसतर्फ ध्यान दिन नसकेको, भूमिहीनहरुलाई शौचालय र खानेपानीमा समेत समस्या भएको जस्ता गुनासाहरु आयोगलाई प्राप्त भएका थिए ।

## केन्द्रीय स्तरमा भएको अन्तरक्रियात्मक कार्यक्रम र प्राप्त सुझावहरु

मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था अन्तर्गत प्रदेश ३ काठमाण्डौंमा मिति २०७६/०३/२५ गते मधेशी समुदायको हक हितको संरक्षण, सम्वर्धन तथा सशक्तिकरण सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम संचालन, कान्तिपथको होटल Yellow Pagoda मा गरियो । आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तको अध्यक्षतामा सञ्चालित कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण माननीय उप प्रधानमन्त्री तथा रक्षामन्त्री श्री इश्वर पोखरेलज्यूले गर्नु भएको थियो । जसमा करिब २०० जना भन्दा बढी व्यक्तिहरुको सहभागीता रह्यो । राजनीतिक कर्मी, वकिल, डाक्टर, ईन्जिनियर, प्रशासक, समाजसेवी, बुद्धिजिवी लगायत विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका विशिष्ट व्यक्तिहरुको उपस्थितीमा कार्यक्रम सम्पन्न भयो । माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल ज्यूबाट कार्यक्रमको उद्घाटन तथा पहिलो सत्रको कार्यक्रम

सम्पन्न गरियो । उहाँले मधेशीहरुको हक हित र अधिकारको लागि सम्पूर्ण मधेशीहरु अब सजग भई हिम्मत, मेहनत र निरन्तर प्रयास गर्नुपर्ने भनाई राख्नुभयो । राम्रो कामको थालनी र निरन्तरता दिएमा मात्र राम्रो हुन्छ भन्ने भनाई राख्दै आफ्नो गहकिलो विचार प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा सम्बद्ध समूह बनाई आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, राजनीतिक र प्रशासनिक क्षेत्रसँग सम्बन्धित समस्या र समाधानका उपाय तथा सुझावहरु संकलन गर्ने प्रयास गरियो । ती समुहबाट मननयोग्य सुझावहरु प्राप्त भएका थिए । चारवटै समूहको सुझावहरु छलफलको माध्यमद्धारा संकलन गरी प्रत्येक समूहबाट १ जनाले प्रस्तुतीकरण समेत गर्नुभएको थियो । कार्यक्रममा विज्ञहरुबाट प्राप्त सुझावहरु राय सुझाव खण्डमा लिपीबद्ध गरिएको छ । एकदिने कार्यक्रम सोही दिन सु-सम्पन्न भयो ।



*माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल ज्यूबाट कार्यक्रमको उद्घाटन*



*कार्यक्रममा उपस्थित विविध क्षेत्रका विज्ञ ज्यूहरु*

उक्त कार्यक्रममा आमन्त्रण गरिएका विज्ञहरुमध्ये उपस्थित विज्ञहरुको नामावली अनुसूची-७ मा राखिएको छ ।

उक्त कार्यक्रममा सहभागी विज्ञहरु बीच यस आयोगबाट गरिएको अन्तक्रिया कार्यक्रम मा प्रदेश १,२,५ र सुदूरपश्चिम प्रदेश मा उठाईएका तपसिल बमोजिमका समस्या तथा जिज्ञासाहरु छलफलका लागि ३ समूह गठन गरी प्रत्येक समुहलाई छुट्टा छुट्टै क्षेत्रसँग सम्बन्धित राय सुझाव प्रस्तुत गर्ने गरी छलफल गराईएको थियो ।

छलफलका लागि राखिएका जिज्ञासा तथा समस्याका विषयवस्तुहरु तपसिल विषयगत आधारमा उल्लेख गरिएको छ ।

## सामाजिक क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

दाइजो, बालविवाह, छुवाछुतजस्ता सामाजिक कुरीतिजन्य समस्या व्याप्त रहेका, शान्तिसुरक्षाको समस्या समाधान हुन नसकेको, भूमिहीनहरुलाई शौचालय, खानेपानीमा पहुँच नभएको जनसंख्याको उच्च वृद्धिदर नियन्त्रण हुन नसकेको, व्यक्तिको नैतिक पतन हुँदै गएको, सार्वजनिक र गुठीको जग्गाको अधिग्रहण उच्च भएको र लैंगिक

समानताको अभाव देखिएको जस्ता सामाजिक समस्याहरु जोडदार रुपमा उठान भएका थिए ।

यस किसिमका सामाजिक समस्याहरु निराकरणका लागि सामाजिक सदभाव अझै प्रभावकारी बनाउनुपर्ने विषयमा पनि सहभागीबाट जोड दिइएको थियो ।

यसका साथै त्यस क्षेत्रको सामाजिक समस्या अन्तर्गत लैंगिक हिंसा क्रमश बढ्दै गएको, व्यक्तिको सोच रुपान्तरणमा समस्या रहेको र अनुशासनहीनता बढी परिस्थितिमा थप जटिलता थपिरहेको विषय उठेका थिए ।

माथिका विषयसँगै देशव्यापी रुपमा देखिएको समस्याहरु जस्तै महिला उपमेयरहरु पराश्रित भएका, भ्रष्टाचारको अवस्था चरमचुलीमा रहेको, फरक क्षमता भएका मानिसहरुलाई शिक्षा सहितका व्यवस्था नभएको, बुद्धिजिवीहरु नै बेइमान भएका, सकारात्मक सोचको अभाव देखिएको, गर्भपतनमा व्यापकता भएको, युवा वर्गमा सशक्तिकरणको अभाव भएको र लागुपदार्थमा युवा अत्यधिक संलग्न भएको जस्ता समस्याहरु पनि उठान भएका थिए ।

यसका साथै वैवाहिक उमेर समाज अनुरुप नभएको, प्रमुख जिल्ला अधिकारीहरु एकै समुदायको रहेको, मधेशीहरु भित्र नै मधेशीको पहुँच नभएको , मानवीय जीवन जिउन समस्या रहेको, विदेशी नारी र गाडीको दबदबा भएको, पहाडेमुलका थर व्यवस्थापन हुन नसकेको, सामाजिक प्रगति प्रभावकारी हुन् नसकेको, जातीय विभेद र जातीयकरण क्रमश बढ्दै गएको, अन्तरजातीय र प्रेमविवाह क्रमश बढ्दै गएको जस्ता प्रदेश अनुरुपका समस्याहरु राख्दै प्रतिक्रियाहरु प्राप्त भएका थिए ।

सरकारबाट प्रदेश २ प्रतिको हेराइ नै विभेदात्मक रहेको भनी उपस्थित सहभागीहरुले गुनासो गरेका थिए ।

व्याप्त सामाजिक समस्याका रुपमा रहेको झुठ्ठा मुद्दाको विगविगीलाई अन्त्य गर्नुपर्ने कुरा जोडदार रुपमा उठेको थियो ।

वैदेशिक रोजगारीले सामाजिक विकृति ल्याएको, पुनर्स्थापना केन्द्र नभएको, अनाथ बालबालिकाको लागि संरक्षण केन्द्र नभएको, चाकरी गर्ने गराउनेको प्रभाव रहेको, बसाईंसराईको समस्या रहेको, ग्रामिण पंचायत प्रथाको हस्तक्षेप रहेको, नेताहरुको प्रभाव र रवाफ रहेको, कमैयाहरुको समस्या अझै रहेको, मधेशी महिलाको राजनीतिमा सहभागिता न्यून रहेको र महिला नेतृत्वमाथि समाजको विश्वास न्यून भएको जस्ता समस्याहरु धैरै क्षेत्रमा औल्याइएको थियो ।

दलितहरुलाई परिवर्तन गराउन नसकेको, केही महिलाका पति भाग्ने गरेको, बच्चाको नागरिकता बनाउन समस्या हुने गरेको, विद्यालय नजिकै रक्सी विक्रीवितरण हुने गरेको, महिला घरमै पीडित हुने गरेको, छोरीभन्दा छोराप्रति आकर्षण रहेको, बहुविवाह र वालविवाहको गम्भीर समस्या रहेको, स्थानीय पहिरनले स्थान नपाएको र सामुदायिक सेवाको भावना न्यून हुँदै गएको जस्ता समस्याहरु त्यस क्षेत्रका महिलाहरु बाट विशेष रुपमा छलफलमा राखेका थिए ।

बालश्रम, सरसफाई सहितमा जनचेतना जगाउँन नसकिएको, Social mobilization व्यवस्थित हुन नसकेको, सामाजिक सुधारका लागि सडक नाटक लगायतका कार्यक्रम प्रभावकारी हुन नसकेको, उदासिनता उच्च रहेको र भारतमा गएर भ्रूण परीक्षण पश्चात भ्रूणहत्या हुने गरेको जस्ता जनगुनासो सहभागीहरुबाट प्राप्त भएको थियो ।

सीमा वारीपारी सैनिकीकरण जस्तै हुने भएकाले बालबालिकाहरुमा मनोवैज्ञानिक समस्या उत्पन्न हुदैगरेको र जसबाट आक्रोश बढ्दै गएको, यूवा समाज हिंस्रक बन्दै गएको, राजनीतिमा अपराधिकरण र अपराधीहरुमा राजनीतिकरणको अवस्थामा क्रमिक वृद्धि हुँदै गएको र बिषादिहरुको बेचबिखनमा प्रभावकारी नियन्त्रण र नियमन हुन नसकेकोले बिषादि सेवन गरी आत्महत्याको सख्या बढ्दै गएको जस्ता ज्वलन्त सामाजिक समस्याहरु प्राप्त भएका थिए ।

समाजमा आवश्यकता अनुसार माग र आपूर्तिको बिचमा तालमेल नरहेको, मुक्त हलिया र मुक्त कमैयाहरुको जीवनमा सकारात्मक परिवर्तन हुदै गएको तर प्रभावकारी

नभएको, बालश्रमको समस्या, विद्यालय जाने उमेरका बालबालिका आर्थिक सामाजिक कारणले बालश्रममा लाग्न बाध्य हुनुका साथै सामाजिक, सास्कृतिक रितिरिवाज र संस्कृती सम्बन्धी मेलमिलापमा कमी जस्ता समस्याहरु राखेका थिए ।

केही सहभागी विज्ञहरु बाट सामाजिक समस्यालाई न्युनीकरण गर्नका लागि समाजमा अन्तर धार्मिक सम्बन्ध र क्रियाकलाप हुनुपर्ने, "कालोपर्दा" प्रथालाई चेतनामूलक कार्यक्रम गरी न्यूनीकरण गर्नुपर्ने, कमलरी सुकुम्बासी हलिया कमैया जस्ता समस्यालाई यथाशीघ्र समाधान गर्नुपर्ने, श्रमदान र अन्नदानको भावना विकास गर्नुपर्ने, समाजमा Role Model भएका महिलाहरुबाट प्रशिक्षणको व्यवस्था हुनुपर्ने, **Eco-social system** लाई सक्षम बनाउनु पर्ने र आदरार्थी शब्दहरुको प्रयोग गर्नुपर्ने जस्ता सुझावहरु समेत समावेश भएका थिए ।

## सांस्कृतिक क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

शिक्षा र भाषाको समस्या व्याप्त रहेको, उच्च शिक्षाको दर क्रमश घट्दै गएको, गुणात्मक साक्षारता घट्दै गएको, सीपयुक्त शिक्षा, प्राविधिक शिक्षा गुणस्तरीय नभएको, मातृभाषामा शिक्षा नभएको, केहि विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको, उचित विद्यार्थीले स्थान नपाएको, पाठ्यपुस्तक महिनादिनसम्म नपुगेको, पाठ्यक्रममा मधेश र मधेशीका सम्बन्धमा विषयवस्तु नरहेको, सरकारी क्याम्पसहरु राजनीति गर्ने अखडा भएको र संस्कृतिलाई कुरितीजन्य बनाएको जस्ता शैक्षिक क्षेत्र एवम सांस्कृतिक क्षेत्रसँग सम्बन्धित समस्याहरु जोडदार रुपमा उठेको थियो ।

त्यसैगरी मातृभाषाको पाठ्यक्रम र शिक्षकको अबिलम्ब व्यवस्था हुनुपर्ने, पाठ्क्रममा विपरीतार्थ नभएर पुरक शब्दको प्रयोग गनुपर्ने, सबै जनताको लागि एकै किसिमको विधालय हुनुपर्ने, स्वीकृत पाठ्यक्रम मात्र लागु हुनुपर्ने, विद्यालय बाहिर रहेका बाल-बालिकाहरुलाई तत्काल व्यवस्थापन गर्नु पर्ने, विश्वविद्यालयलाई प्रभावकारी नियमन गर्नुपर्ने, सरकारी विद्यालयको विद्यार्थी Drop Out लाई न्यूनीकरण गर्दै जानुपर्ने र

भौतिक पूर्वाधार भन्दा पहिले शैक्षिक पूर्वाधार निर्माण गर्नुपर्ने जस्ता समसामायिक विषयहरु उपस्थित अधिकांस सहभागीहरुबाट प्राप्त भएका थिए ।

यसका साथै परम्परावादी र रुढिवादीता अझै बढ्दै गएको, स्वास्थ्य शिक्षाको अभाव भएको, सांस्कृतिक पहिचान क्रमश स्खलित हुँदै गएको, सामुदायिक विद्यालय क्रमश ह्रासोंमुख भएको र दलित समुदायको साक्षरता बढ्न नसकेको जस्ता समस्याहरु राख्दै छलफल र प्रतिक्रिया प्राप्त भएका थिए ।

अन्तमा, सांस्कृतिक पर्यटन सम्बन्धी सडक बनाउनुपर्ने, शैक्षिक क्षेत्रलाई स्वतन्त्र, पारदर्शी, नतिजामूखी, विश्वसिलो, समयसापेक्ष, संवेदनशील एवम गुणस्तरीय बनाउनुपर्ने, साहित्यलाई समाजको जिवनरेखाको रुपमा सदुपयोग गर्नुपर्ने, विधालयहरुमा अतिरिक्त क्रियाकलापहरु (updated extra activities) हुनुपर्ने र संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्ने जस्ता विषयमा पनि व्यापक छलफल भई सुझाव प्राप्त भएको थियो ।

## आर्थिक क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

कृषिमा मल बिउको अभाव, सिंचाईको अभाव, युवाहरुमा उच्च बेरोजगारी रहेको, वैदेशिक रोजगारीमा जाने व्यक्तिको दर उच्च रहेको, उत्पादन क्रमश घट्दै गएको र आयात उच्चतम विन्दुमा रहेको, उद्योग धन्दा क्रमश बन्द भएको र खाद्यवस्तुको मूल्यवृद्धि उच्च रहेको जस्ता आर्थिक क्षेत्रसँग सम्बन्धित समस्याहरु उठेका थिए ।

स्थानीय सरकारबाट माटो र बाटोमा रकम दुरुपयोग हुने गरेको, स्थानीय सरकार कमीसनमा लिप्त रहेको, आवश्यकता भन्दा पहुँचको आधारमा विकास हुने गरेको, स्थानीय जनशक्तिको स्थानीय सरकारबाटनै प्रयोग हुने नगरेको र असारे विकासको चलन रहेको जस्ता विषयहरु माथि छलफल भएको थियो ।

त्यसैगरी विप्रेषण अनुत्पादक क्षेत्रमा खर्च भएको, आर्थिक असुरक्षा बढ्दै गएको, स्वदेशमा रोजगारीको अभाव रहेको, विशेष क्षेत्र घोषणा हुन नसकेको, मेला र

महोत्सवमा अत्यधिक खर्च भएको र सहकारी संस्थाहरुको मनोमानी रहेको जस्ता समस्याहरु राख्दै प्रतिक्रिया प्राप्त भएको थियो ।

यसका साथै प्रदेश २ मा ग्रामीण सीप संरक्षणका लागि MEDPA प्रभावकारी हुन नसकेको , कृषिजन्य वस्तुको मूल्य निर्धारण गर्ने निकाय सक्रिय नरहेको, कृषि जन्य वस्तुको बजार नरहेका, करछली गर्नका लागि महिलाको नाममा उद्योग दर्ता गर्ने गरिएको, निजी उद्योगलाई प्रोत्साहनको अभाव रहेको, भारतीयको लगानीमा गाडी, उद्योग सहितका व्यवसाय नेपालीको नाममा रहेको र लगानीको उचित ठाँउ नभएकाले रेमिटान्सको दुरुपयोग भएको गुनासोहरु औंल्याइएको थियो ।

अन्तमा, जनसंख्याको आधारमा बजेट विनियोजन गर्नुपर्ने, आर्थिक वर्ष वैशाखबाट सुरु हुनुपर्ने, बजेटको प्राथमिकता गर्नुपर्ने, स्थानीय सरकारलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने, निजी उधोगलाई प्रोत्साहन गर्ने नीति ल्याउनु पर्ने एवम देशमा लगानीमैत्री वातावरणको सिर्जना गरिनुपर्ने कुरामा उपस्थित सम्पूर्णको छलफलको राय रहेको थियो ।

## पर्यावरणीय क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

स्वच्छ पिउने पानीको समस्या, चुरेको विनाश अत्यधिक बढ्दै गइरहेको, कोशी नदीलाई व्यवस्थित गर्न नसकेको, खोलामैत्री वातावरण नभएको, कटान, डुबान, भरानको समस्या रहेको, मधेशको भुमि मरुभूमिमा परिणत भएको र पानीको चरम समस्या भएको जस्ता पर्यावरणीय क्षेत्रसँग सम्बन्धित समस्याहरु उठान भएका थिए ।

त्यसैगरी पूर्व पश्चिम नहर नभएको, पर्यावरणीय असन्तुलन बढ्दै गएको, पानीजन्य र हावाजन्य समस्या बढ्दै गएको, प्राकृतिक आपद/विपद जस्तै अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, शीतलहर, हावाहुरी जस्ता समस्याहरु बढ्दै गएको चुरेलाई Water Rechargeable बनाउनुपर्नेमा सो नभएको, पोखरी तालको संरक्षण नभएको, प्राकृतिक स्रोतको संरक्षण हुन नसकेको, ४.६८% मात्र जंगल प्रदेश २ मा रहेको र ४०%

चाहिन्छ, पर्साको खोलाहरुमा पानीको सट्टा Chemical बग्ने गरेको आदि समस्याहरुको अन्त्य गर्नुपर्ने कुरा जोडदार रुपमा उठेको थियो।

अन्तमा, पर्यावरणीय क्षेत्रको समस्या समाधानको लागि वनजंगल फडानी अविलम्ब रोकिनु पर्ने र वृक्षारोपणमा तीव्रता ल्याउनुपर्ने, सडक पेटीमा वृक्षारोपण गरी संरक्षण समेतको लागि स्थानीयलाई प्रोत्साहन गर्नु पर्ने, पर्यावरणीय असन्तुलन, प्राकृतिक आपद/विपदलाई समाधान र न्यूनीकरणका लागि आवश्यक व्यवस्था गरिनुपर्ने, Green economy बनाउनुपर्ने, फोहरबाट मोहर कमाउने सोच बनाउनु पर्ने र राष्ट्रिय निकुञ्ज वरपरका वासिन्दालाई सरकारले उचित व्यवस्थापन गर्नुपर्ने जस्ता सुझावहरु प्राप्त भएका थिए ।

## राजनीतिक क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

राजनीतिक क्षेत्रमा सबै समुदायको प्रतिनिधित्वको समस्या, सन्धी सम्झौताको ऐतिहासिक अध्ययन नभएको, ऐतिहासिक सम्झौताको अभिलेखीकरण नभएको , राजनीतिक समस्याहरुको समाधान नभएको र कोशी सम्झौता लागु नभएको जस्ता जनगुनासो हरु सहभागीहरुबाट प्राप्त भएको थियो ।

यसैगरी स्थानीय सरकार प्रभावकारी हुन नसकेको, स्थानीय सरकारले उत्तरदायित्व नबुझेको, ऐतिहासिक घटनाहरुको (गौर घटनाको) दस्ताबेजीकरण नभएको, निर्वाचित जनप्रतिनीधिले नै बालश्रम र बालविवाहमा साथ दिने गरेको र गर्न नसकिने कार्यहरुलाई पनि जनप्रतिनिधिहरुले जनतालाई आसा र सपना देखाउने गरेको विषयहरु छलफलमा राखेका थिए ।

अन्तमा, निर्वाचित जनप्रतिनिधिलाई अभिमुखीकरण गराउनुपर्ने, ऐतिहासिक घटनाहरुको दस्ताबेजीकरण गरिनुपर्ने, बालविवाह र बालश्रम पूर्ण रुपमा निषेध गरिनुपर्ने, सन्धी सम्झौतामा उल्लेखित विषयहरु कार्यान्वयनमा सरकारबाट पहल गरिनुपर्ने र प्रदेश एवम् स्थानीय सरकारबाट आर्थिक, सामाजिक, शारीरिक रुपमा विपन्नहरुको लागि

लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नुपर्ने जस्ता महत्वपूर्ण सुझावहरु प्राप्त भएको थियो ।

## विविध क्षेत्रसंग सम्बन्धित जिज्ञासा तथा समस्याहरु

गर्भवती आमाका लागि Birthing Center सर्वसुलभ हुन नसकेको, सरकारी अस्पतालका डाक्टर पेशाप्रति जिम्मेवार नभएको र निजी क्षेत्रले लुट मच्चाएको, सरकारी निकायका सूचनामा नागरिकको पहुच पुग्न नसकेको, औषधिको अभाव, विशेषज्ञको अभाव, महिला चिकित्सकको अभाव, अवैध अस्पताल र क्लिनिकहरू संचालनमा रहेका जस्ता सान्दर्भिक समस्याहरु उठान भएको थियो ।

त्यसैगरी कम भूगोलमा धेरै जनसंख्याको चाप बढ्दै गएको, नागरिकताको वितरणमा समस्या, हुलाकी सडकको अपूर्णताको समस्या, समतामुलक कानुन नभएको, निर्वाचन अत्यधिक खर्चीलो भएको, स्थानीय शिक्षकहरुले पठन पाठनमा लापरवाही गरेको, तराइका क्षेत्रमा दोहोरो नागरिकताको समस्या, विभिन्न क्षेत्रका तथ्यांकहरु तयार नभएको र जिल्लाका सरकारी निकायमा कर्मचारीको अभाव भएको जस्ता विषयहरुमा छलफल भएको थियो ।

त्यसैगरी मधेशीको वैधानिक परिभाषा नभएको, राजविराजको एयरपोर्ट नियमित नभएकोले स्थानीयलाई समस्या भईरहेको, रैथाने मधेशी अल्पमतमा पर्दै गएको, मधेशीहरुलाई करदाता र मतदाताको रुपमा मात्र प्रयोग गरेको, मधेशी महिलाको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व नभएको, Pad Bank को व्यवस्था नभएको, महिनावारीको चेतना नरहेको, निजामती सेवा, सेनामा मधेशीको न्यून सहभागिता रहेको, मधेशी दलितले उजुरी लिएर कहाँ जाने दलित आयोग कि मधेशी आयोग अन्यौल रहेको, पहिचान, प्रतिनिधित्व, पहुँचको समस्या, सहिदहरुप्रति उचित सम्मान नभएको र घाइतेका सन्तानलाई निशुल्क शिक्षा नदिएको जस्ता जनगुनासो हरु उठेको थियो ।

कोशीटप्पु वन्यजन्तु आरक्षबाट जनावर आतंक, अरु जिल्लाबाट ढुंगाको निकासा बन्द भएकोले निर्माण कार्यमा समस्या हुने गरेको, भारतीय सुरक्षाकर्मीबाट नेपाली नागरिक अपहेलित हुनुपरेको, भूउपयोग नीति नभएकोले भुउपयोग अव्यवस्थित हुदै गएको, क्रसर उद्योगहरु अवैध रुपमा संचालित रहेकोले वातावरणमा प्रतिकुल प्रभाव परेको, आयोजनाको कार्यान्वयन पक्ष पूर्णत कमजोर रहेको, कृषिमा व्यवसायिकरणको अभाव रहेको, विपन्नता बढ्दै गएको, प्रतिभावान र पौरखी युवाहरु वैदेशिक रोजगारमा वा जेलमा रहेको, विद्यालयको खाजा कार्यक्रम बन्द रहेको, कृषियोग्य जग्गालाई अनावश्यक कित्तावंदी गरेको, सुकुम्बासी समस्या विकराल रहेको, , हरेक क्षेत्रको योजनाबद्ध विकास नभएको, राजमार्ग केन्द्रित विकास भएको, जातीय समस्या समाधान नभएको, दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारी नभएको र विकासमा दिर्घकालीन सोचको अभाव देखिएको जस्ता धेरै समस्याहरु सो कार्यक्रममा राखेका थिए ।

यसका साथै ऐतिहासिक र पुरातात्विक सम्पत्तीको संरक्षण नभएको, बाढी, अग्नि, आँधीबेहरी, चीसो पीडितको समयमै समस्या समाधान नभएको र पूर्वतयारी नभएको, प्राकृतिक विपदको पूर्वतयारी हुन नसकेको, समाजका व्यक्तिहरुबिच भावनात्मक दुरी व्यवस्थित हुन नसकेको, दक्ष जनशक्तिको माग र आपूर्तिमा तालमेल नभएको, लोपोन्मुख करोरी, मुसहर जातको संरक्षण हुन नसकेको, संघीयताको ढांचा नै ठिक नभएको, गुणस्तरीय खाद्यान्नको अभाव, तराइमा भुमिगत पानीमा आर्सेनिकको मात्रा अत्यधिक रहेको, खेलकुदको विकास आवश्यक नरहेको, सलहेश सर्किटले अझै मूर्तरूप लिन नसकेको, , एकै योजनालाई विभिन्न चोटी रकम निकासा हुने गरेको, SEE परिक्षामा सुनियोजित षडयन्त्र भएको, बोरा सक्कली र मल नक्कली रहेको, तराइ मधेशका असन्तुष्ट सक्रिय पार्टी तथा समूहसंग वार्ताका लागि सहजीकरण नभएको, मधेशीहरुको राष्ट्रिय विदा हुनुपर्ने, उर्दु र हिन्दीमा अन्तर रहेको तर एउटै बुझ्ने गरेको, परिचारिकाहरुलाई प्रोत्साहन भत्ता नदिएको, जिम्मेदारीको अभाव रहेको, उपभोग्य सामाग्रीहरुको लागि भारतीय बजारमा पूर्ण निर्भर रहेको, महिलाको भूमिका महिलामैत्री नभएको, बिचौलियाहरुको बिगबिगी रहेको, मधेशीहरु परजीवी हुँदै गएको, पाठ्क्रममा प्रादेशिक सामग्री र स्थानीय सामग्री नरहेको, सीमावर्ती क्षेत्र भारतभन्दा नेपालीहरुको अवस्था

कमजोर रहेको, पूर्वाधारमा भएका टेन्डर अलपत्र परेको, जंगमुक्तेश्वर मन्दिर अलपत्र परेको जस्ता समस्याहरु उठाउदै छलफल र प्रतिक्रियाहरु प्राप्त भएको थियो।

नेपाली भूमि भारतीयको प्रयोगस्थल बनेको, प्रमुख प्रशासकीय अधिकृत र लेखाका कर्मचारीहरु पालिकामा बस्न नसकेको, सवारीसाधन खरिदमै पालिकाहरु लागेको, सिमावर्ती क्षेत्रमा बाल इजलास व्यवस्थित हुन नसकेको, बालसुधारगृह संकटमा फसेको, गौर डुबानमा परेको र पानीको निकास सीमामा हुन नसकेको, रौतहटमा सरकारी बहुमुखी क्याम्पस नरहेको, मधेशी दलित, महिला, जनजातीलाई आरक्षण नभएको र कुपोषणको अवस्था तीव्र गतिमा बढ्दै गएको गुनासो सहभागीहरु बाट प्राप्त भएको थियो ।

जनता आवासको जग मात्र निर्माण भएको, छाना अझै निर्माण नभएको, कर्मचारीहरु नै विकास र सुशासनको बाधक रहेको, जनप्रतिनीधि र कर्मचारी बीचमा ३६ को सम्बन्ध रहेको, जनताका असन्तुष्टिहरुलाई विदेशीहरुले द्वन्द्ध चर्काउने काममा प्रयोग गर्दै गएको, सुदुरपश्चिम प्रदेशको अस्पतालहरु रेफरल अस्पतालको रुपमा क्रमश बन्दै गएको, चर्पीको समस्या र खुल्ला ठाउमा दिशा गर्ने प्रवृत्ति बढेको जनगुनासो सहभागीहरुबाट आएको थियो ।

उपस्थित सहभागीहरुको छलफल प्रश्चात विविध क्षेत्रसँग सम्बन्धित समग्रमा केही यस किसिमका सुझावहरु प्राप्त भएको थियो । चर्पी व्यवस्थापन गरी मात्र "खुला दिसामुक्त" बनाउनु पर्ने, मौसम विभाग "अत्याधुनिक" हुनु पर्ने, मानवीय जवाफदेहीता अनुगमन समूह प्रभावकारी हुनु पर्ने, बालबालिकाहरुको कुपोषणलाई न्यूनीकरण गर्दै जानु पर्ने, रेडक्रस अझ बढी जिम्मेवार हुनु पर्ने, काठमाडौं केन्द्रित बनाइएका कार्ययोजना जिल्लामा लागु हुन कठिन, मानवीय संवेदनाको कार्यमा तिव्रता हुनु पर्ने, हावाहुरी प्रभावितको वास्तविक सूची बनाउनु पर्ने, नीति निर्माताहरुसंग राहत छलफलको आवश्यकता, सरकारी निकाय जनता प्रति इमान्दार हुनु पर्ने, मुलुकलाई सक्षम बनाउनको लागि चौतर्फी विकास गर्नु पर्ने, Culture, Agriculture, Infrastructure, Manufacture र Adventure सहितका क्षेत्रलाई अगाडि बढाउनुपर्ने, करदाता र विकासदाताको भावनालाई संगसंगै

लानुपर्ने, प्रदेशका पालिकाहरुमा शीतभण्डार बनाउनुपर्ने, बैंकहरुले सामाजिक उत्तरदायित्वको भावनामा जानुपर्ने, सहकारी संस्थाहरूको प्रभावकारी नियमन हुनुपर्ने, व्यवसायिक पर्यटनलाई अंगीकार गर्नु पर्ने जस्ता सान्दर्भिक सुझावहरु जोडदार रुपमा उठेको थियो ।

यसका साथै धनुषाधाम जानकी मन्दिर सहितका क्षेत्रहरुलाई/मन्दिरहरुलाई UNESCO मा सूचीकृत गर्नुपर्ने, प्राज्ञिक बहसहरु नियमित रुपमा सञ्चालन गर्नुपर्ने, मतभिन्नता क्रमश न्यूनीकरण गर्दै जानुपर्ने, Conflict होईन Connectivity मा जोड दिनुपर्ने, वैदेशिक रोजगार को कारणले प्रजनन स्वास्थ्यको अवस्था क्रमश विग्रदै गएकोले वंश विनासको सृजना हुनसक्ने र केही दशकपछि मानव मुक्त समाज हुनेभन्ने डर पलाएको, बोर्डर वारी र पारी पानीको निकास नभएकाले सो समाधान गरिनुपर्ने, राजनीति भन्दा मानवीयताको अवस्थामा संवेदनशीलता हुनुपर्ने, वनस्पतिहरुलाई अभिलेख गरी Patent Right लिनुपर्ने, Language Technology मा देवनागरी लिपीलाई लैजानुपर्ने, धर्म संस्कृतिमा अनुसन्धान हुनपर्ने, विकास र सुशासनको काम क्यालेन्डरका आधारमा गर्नुपर्ने भनी अधिकांश सहभागीहरुबाट छलफलको प्रतिक्रिया रहेको थियो । त्यसै गरी मधेशी आयोगलाई समावेशी बनाउनुपर्ने, मधेशी प्रमाणितको कार्य मधेशी आयोगले अभिलम्ब सुरु गनुपर्ने, मधेशी आयोगको जिल्लामा Help Desk बनाउनुपर्ने, मधेशी आयोगले Watch Dog को रुपमा काम गर्नुपर्ने, भारत र नेपालको सीमामा परिचयपत्र लागू गर्नुपर्ने, मधेशी आयोगमै जातीय क्लस्टर हुनुपर्ने, जनता आवास योजना प्रभावकारी बनाउनुपर्ने मधेशलाई कर्णाली जस्तै विशेष दर्जा प्रदान गर्नुपर्ने, तराइ मधेश सांस्कृतिक संग्राहालय हुनुपर्ने, मधेशी आयोगमा राष्ट्रिय शब्द थपी राष्ट्रिय मधेशी आयोग बनाउनु पर्ने, मधेशी आयोगलाई यथाशीघ्र प्रदेशस्तर सम्म लैजानुपर्ने, सबै प्रकारको श्रमको सम्मानको वातावरण हुनपर्ने, पूर्वका मधेशी र पश्चिमका मधेशी एवम मधेशी पहाडि बीच सम्बन्ध सुमधुर बनाउनुपर्ने, संविधानको प्रस्तावनामा मधेशी आन्दोलन, जनजाती आन्दोलनको विषय उठान गराउनुपर्ने, जिल्लामा सरुवा हुने प्रमुख प्रशासकहरुलाई भाषाको तालिम प्रदान गरी पठाउँदा जसले कामकारवाहीमा सहजता प्रदान गर्ने, भाषाको

अनविज्ञताले सर्वसाधारण र प्रशासक बीच समस्या सिर्जना हुने गरेको जस्ता विशेष विषयहरु कार्यक्रममा व्यक्त भएको थियो ।

अन्तमा, छात्राहरुको प्याड प्रयोग गर्ने विद्यालयहरुमा उचित कोठाहरु हुनुपर्ने, नेपाली फिल्महरुमा र चलचित्रमा समानुपातिक समावेशी छायाङ्कन तथा कामको व्यवस्था हुनुपर्ने, माटो सुहाउदो विकासको काम हुनुपर्ने, घरेलु मदिराको उत्पादन लाई नियन्त्रण गर्नुपर्ने, सीमा पारीबाट हुने अपराधलाई नियन्त्रण गर्नुपर्ने, लक्षित वर्गमुखी विकास हुनुपर्ने, मारवाडी हरुलाई सांस्कृतिक पहिचान दिनुपर्ने, अपमानित हुने शब्दको प्रयोग गर्ने माथी कानुनी कारबाही गर्नुपर्ने, हिमाल, पहाड र तराइको सामाजिक सम्बन्धलाई प्रभावकारी तवरले जोड्नुपर्ने, गाई र माई लाई महत्वका साथ संरक्षण गर्नुपर्ने कुराहरु जोडदार रुपमा सुझावमा समावेश भएका थिए ।

## ३.२ आयोगबाट भएका कार्यक्रमहरु

### ३.२.१ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आयोगका काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगमा बैठक बसी विविध विषयमा प्रेस विज्ञप्ति जारी गरिएको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची-१० मा उल्लेख गरिएको छ ।

### ३.२.१ आयोगको निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची-११ मा उल्लेख गरिएको छ ।

# परिच्छेद –४

# सिफारिस तथा सुझाव

## ४.१ अर्न्तक्रिया कार्यक्रमबाट प्राप्त सुझाव तथा सिफारिस

मिति २०७६/०३/२५ गते सात वटै प्रदेशका विज्ञहरुको सहभागितामा सम्पन्न भएको अन्तर्क्रिया कार्यक्रमको अन्तमा विज्ञहरुको समुहले मधेशी क्षेत्रमा क्षेत्रगत रुपमा रहेका समस्याहरु र ती समस्याहरुको समाधानका लागि महत्वपूर्ण सुझावहरु प्रस्तुत गर्नु भएको थियो । विज्ञहरुबाट प्राप्त क्षेत्रगत सुझावहरु मधेशी समुदायको हकहितको लागि महत्वपूर्ण रहेकोले आयोगको तर्फबाट समेत सिफारिस गरिएको छ ।

### क. सामाजिक तथा सास्कृतिक क्षेत्रसँग सम्बन्धित

भाषीक एकताको लागि र सामाजिक सम्बन्ध सुमधुर बनाउनको लागि पूरै मधेशमा एक भाषा हुनुपर्ने, भ्रुणहत्या , बालबिबाह, सम्बन्ध विच्छेद, दहेज प्रथा आदीलाई अन्त्य गर्नको लागि ग्रामीण स्तरको चेतनामुलक शिक्षा, साहित्य, नाटक, बहस, छलफल, अन्तरक्रिया सहित अन्तर जातीय विवाह, अन्तर भौगोलीक विवाह, अन्तर समुदाय विवाहलाई सामाजिक मान्यता दिनुपर्ने सुझाव प्राप्त भएको थियो ।

मधेशीको पहिचान भूगोलको आधारमा नभै नश्ल, पैतृक पहिचान , वंशानुगत आधारमा हुनुपर्ने, मधेशीमा विधमान कुरीतीहरुको अन्त्य गर्न सामाजिक चेतना सहित दण्ड जरीवानाको कानुनी व्यवस्था गरी सकारात्मक सामाजिक कार्य गर्ने लाई पुरस्कृत गर्नुपर्ने, तराईको कला, संस्कृती, परम्परालाई एकीकृत रुपमा सम्बर्द्धन, संरक्षण गर्न संघीय, प्रादेशिक र स्थानीय सरकार मातहत संस्कृति तथा सामाजिक इकाई / समुह गठन गर्न निर्देशन तथा कार्ययोजना बनाउनुपर्ने जस्ता सामाजिक तथा सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सुझाव प्राप्त भएको थियो ।

## ख. आर्थिक तथा पर्यावरणीय क्षेत्रहरुसग सम्बन्धित

प्रत्येक प्रदेशमा बायो फर्टीलाईजर र रिसाइलिङ उद्योगको स्थापना गर्नुपर्ने तथा प्लास्टिक बाट उत्पादित वस्तुहरुको कण बनाई निर्यात गर्नुपर्ने, महिलालाई आर्थिक रुपमा सबल बनाउन राज्यले छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने र पशुपालनलाई व्यवसायीकरण गर्नका लागि राज्यले ठोस नीति बनाउनु पर्ने जस्तै : सहुलियत ऋण, निशुल्क तालिम, अनुदान, बीमा आदि जस्ता महत्वपूर्ण सुझावहरु प्राप्त भएको थियो ।

त्यसैगरी बाल श्रम गरीरहेका बालबालिकाहरुका लागि निशुल्क शिक्षा ग्रहण गरेवापत आर्थिक सहयोग गर्नुपर्ने, सडक पुल तथा पर्यटकीय स्थलहरुको निर्माण बारे राज्यस्तरबाट बिशेष गरेर स्थानीय पर्यटक स्थलहरुका बारेमा प्रचार प्रसारका साथै संरक्षण गर्दे निर्माण अभियानको थालनी हुनुपर्ने, उपभोक्ता समिती बारे रहेका मापदण्डलाई पूर्ण अवलोकन गरिनुपर्ने साथै निर्माण कम्पनीहरुलाई प्रत्येक टेन्डरमा अनिवार्य धरौटीको व्यवस्था गर्नुपर्ने सुझावहरु औल्याइएको थियो ।

अन्तमा, तराई मधेशमा सिंचाई सहजताका लागि राष्ट्रिय गौरवको योजना अन्तर्गत प्रत्येक प्रदेशमा ठूलो स्टेट —बोर्डिङको स्थापना हुनुपर्ने र जसको क्षेत्र सयौं किलोमिटर सम्मको हुनुपर्ने, चुरेक्षेत्र दोहन नियन्त्रण गर्न र आर्थिक समृद्धिका लागि हरित मधेश अभियानको शुभारम्भ गर्नुपर्ने जस्ता आर्थिक क्षेत्रहरुसग सम्बन्धित सुझावहरु प्राप्त भएको थियो ।

### १. फोहोरबाट मोहर बनाउने

जनचेतना प्रदान गर्ने (सडक नाटक, घर दैलो, स्थानीय सञ्चार माध्यम को उपयोग इको क्लवको सक्रियता बढाउने, लघुउद्यमशीलताको विकास र प्राङगारिक मल, तालिम संचालन गरी फोहोरबाट मोहर बनाउने महत्वपूर्ण सुझाव प्राप्त भएको थियो ।

## २. क्रसर उद्योगहरुको अवैध सञ्चालन रोक्नुपर्ने

IEE (प्रारम्भिक वातावरणीय परीक्षण) अनिवार्य गर्नुपर्ने र नियमित अनुगमन गर्ने सुझाव प्राप्त भएको छ।

## ३. विषादीहरुको बेचबिखन र प्रयोगमा नियन्त्रण र नियमन

जैविक र बिषादी मल निर्माण गर्ने कारखानाको स्थापना गर्ने, स्थानीय तहमा कृषि तालिम केन्द्र स्थापना गर्ने र कृषक जनचेतना अभियानको सञ्चालन र अनुगमन गर्ने जस्ता विषादिहरुको बेचविखन र प्रयोगमा नियन्त्रण र नियमन गर्ने सुझाव प्राप्त भएको थियो ।

## ४. प्राकृतिक स्रोत संरक्षण

वनजङ्गल फडानी नियन्त्रण गर्न वनेका ऐन नियमलाई प्रभावकारी बनाउने, पोखरी, ताल—तलैया, नदिको अतिक्रमण रोक्न र तिनको नियमित सरसफाईको व्यवस्थापन गर्ने र प्राकृतिक जलस्रोतको वरिपरी हरीयाली वढाउने उपाय अवलम्बन गर्ने जस्ता प्राकृतिक स्रोत संरक्षण सम्बन्धी सुझावहरु विज्ञहरुबाट प्राप्त भएको थियो ।

## ५. प्रदुषण नियन्त्रण

वायु प्रदुषण नियन्त्रणको लागि कलकारखानाको नियमित अनुगमन तथा नियमन गर्ने, सवारी साधनबाट हुने वायु प्रदुषणको लागि नियमित अनुगमन तथा नियमन गर्ने, निर्माण कार्यबाट हुने वायु प्रदुषण नियन्त्रण गर्न सुझाव प्राप्त भएको थियो ।

## ग. प्रशासनिक र राजनीतिक क्षेत्रसंग सम्बन्धित

विभिन्न गठित आयोगको प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गरी दोषीलाई सजाय दिनु पर्ने, झुठा मुद्दा खारेज गरिनुपर्ने, समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र बनाउनु पर्ने, जिल्ला एकाइ खारेज गर्नुपर्ने र जनसंख्याको आधारमा बजेट विनियोजन गर्नुपर्ने जस्ता सुझावहरु जोडदार रुपमा उठेको थियो ।

दोहोरो निर्वाचन परिचयपत्र खारेज गर्नु पर्ने, महिलालाई हरेक तह एवं निकायमा ५० प्रतिशत आरक्षण र महिला एवं युवाको लागि देश व्यापी सशक्तिरण अभियान चलाउनु पर्ने, राजदूत, विश्वविधालय, आयोग, नियोग, संघ संस्था आदिको सम्पूर्ण राजनीतिक नियुक्ति एवं बढुवालाई पूर्ण समानुपातिक समावेशी वनाउनु पर्ने र शैक्षिक पाठ्यक्रममा लैंगिक, भाषिक, जातीय, सामुदायिक एवं धार्मिक विभेदयुक्त शब्दहरुलाई तत्काल हटाउनु पर्ने जस्ता प्रशासनिक र राजनीतिक सुझावहरु विज्ञहरुबाट प्राप्त भएको थियो ।

त्यसैगरी मधेशमा हुने छठ, इद, आदिजस्ता धार्मिक तथा ऐतिहासिक पर्वमा सार्वजनिक विदा हुनु पर्ने, मधेशी आयोगको अधिकांश कर्मचारीहरू मधेशी हुनुपर्ने, मधेशी आयोगको कार्यक्रममा सम्पूर्ण गतिविधिहरु मधेश र मधेशीपना झल्काउने हुनुपर्ने, मधेशीलाई सार्वजनिक ठाउँमा अपमान गर्नेलाई कडा कारवाही गर्नु पर्ने, मधेशी आयोगमा मधेश आन्दोलनको शहिदहरुको तस्वीर राख्नु पर्ने, मधेश आन्दोलनलाई दस्तावेजीकरण गर्नु पर्ने जस्ता महत्वपूर्ण प्रशासनिक र राजनीतिक विषयसँग सम्बन्धित सुझावहरु प्राप्त भएको थियो ।

## ४.२ पर्यावरणीय क्षेत्रमा नेपाल सरकारबाट गर्नुपर्ने सुधारहरु सम्बन्धी सुझावहरु

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको संरक्षण र व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेको छ । यसको लागि नेपालको भौगोलिक अवस्था, भूउपयोग र भूक्षमता अनुसार वातावरणमैत्री विकासका क्रियाकलापहरु हुनु आवश्यक छ । प्रभावकारी कानूनी संयन्त्र, संस्थागत संरचना, नविन प्रविधि, जनसहभागिता, सुशासन र वित्तीय साधनहरुको एकीकृत प्रयासबाट मात्र वातावरण संरक्षण एवं दिगो सामाजिक तथा आर्थिक विकास प्राप्त हुने देखिन्छ ।

वातावरण संरक्षण बहुआयमिक र अन्तरदेशीय विषय समेत रहेको हुँदा नेपालले वातावरण सम्बन्धी विभिन्न अन्तराष्ट्रिय सन्धी सम्झौतामा प्रतिबद्धता जाहेर गरेको छ । दिगो

विकासको अवधारणा अनुरुप अन्तरपुस्ता समन्याय र एकै पुस्ता बिचको समन्यायका लागि वातावरणीय श्रोत माथि न्यायोचित पहुँच र तिनको बुद्धिमत्तापूर्ण उपयोगको प्रत्याभूती गर्नु हरेकको दायित्व रहेको छ । यसका लागि सरकार, नागरिक समाज, समुदाय, निजी क्षेत्र र प्रत्येक व्यक्ति बीच आपसी समन्वय र सहकार्यको आवश्यकता पर्दछ ।

वातावरण र सामाजिक—आर्थिक विकासका सवालहरुलाई एकीकृत रुपमा व्यवस्थापन गर्दै वातावरणको क्षेत्रबाट "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय संकल्पमा योगदान पुर्याउन प्राकृतिक वातावरणको संरक्षण र मानव निर्मीत विकासबाट सृजित प्रतिकूल वातावरणीय प्रभावलाई रोकथाम एवं न्यूनीकरण गर्न आवश्यक छ ।

पर्यावरणीय क्षेत्रसंग प्रत्यक्ष सरोकार रहने विषयवस्तुहरुलाई नेपालको संविधानले व्यवस्था गरेअनुरुपको अधिकार मधेशी समुदायमा समेत सुनिश्चित गर्नु अति आवश्यक छ । तसर्थ, मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ३ आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्था भए अनुरुप वातावरणीय समस्याहरुका बारेमा मधेशी समुदायको हक हितको संरक्षण गर्नका निम्ति देशका विभिन्न प्रदेशमा रहेका मधेशी समुदायहरुबीच गरिएको प्रदेश स्तरीय छलफल, अन्तरक्रियाका बाट प्राप्त समस्या एंव सुझावहरुलाई केन्द्रीय स्तरमा विज्ञहरुसंगको अन्तरक्रियात्मक छलफल एंव विचार विमर्श पश्चात आएको निचोडका आधारमा तपशिलमा उल्लेखित वातावरणीय कार्यक्रमहरुलाई आयोगका तर्फबाट **सिफारिस** गरिएको छ ।

### १.औद्योगिक तथा घरेलु फोहोरमैलाको व्यवस्थापन गर्ने ।

औद्योगिक तथा घरेलु फोहोरमैलालाई उद्‌गम स्थलमै वर्गीकरण गरी फोहोरबाट मोहर बनाउन प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गर्न, जनचेतनामूलक कार्यक्रम संचालन गर्न (सडक नाटक, घर दैलो, स्थानीय सञ्चार माध्यम को उपयोग गर्न, क्लवको सक्रियता बढाउने एवम् लघुउद्यमशीलताको विकास र प्राङगरिक मल बनाउने तालिम संचालन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

त्यसैगरी प्रदुषण न्यूनीकरण, पुन प्रयोग, पुन प्रशोधन मार्फत मानव निर्मित श्रोत साधनहरुको प्रयोगलाई व्यवस्थित गर्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्न, प्रदुषणजन्य प्लाष्टिकको झोला उपयोगलाई वातावरणमैत्री वैकल्पिक झोलाको माध्ययमद्धारा प्रतिस्थापन गर्न, उद्योग र अन्य व्यवसायहरुबाट निश्कासन हुने प्रदुषणयुक्त धुँवा, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## २. क्रसर उद्योगहरुको अवैध सञ्चालन रोकिनुपर्ने

IEE (प्रारम्भिक वातावरणीय परीक्षण) अनिवार्य गरी क्रसर उद्योगहरुको अवैध सञ्चालन रोक्न नियमित अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ३. विषादीहरुको बेचबिखन र प्रयोगमा नियन्त्रण र नियमन

जैविक र बिषादी मल निर्माण गर्ने कारखानाको स्थापना गर्न, स्थानीय तहमा कृषि तालिम केन्द्र स्थापना गर्न र कृषक जनचेतना अभियानको सञ्चालन र अनुगमन गरी विषादीहरुको बेचबिखन र प्रयोगमा नियन्त्रण र नियमन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ४. विपद् (प्राकृतिक) व्यवस्थापन गर्नेः

हरेक स्थानीय निकायमा विपद व्यवस्थापन एकाईको स्थापना र सक्रियता बढाउने, हाल भएको नदि निवारण एकाईको कार्यक्षेत्रलाई विस्तार गर्न, सिमसार क्षेत्रहरुको संरक्षण र विस्तार गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

यस सँगै ऐलानी जग्गा र सडक किनारमा बृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने, कृषि योग्य जग्गाको केही प्रतिशत जग्गालाई बगैचामा रुपान्तरण गर्ने कार्यलाई बाध्यकारी बनाउने र नदिको किनारमा पनि बृक्षारोपण गर्ने जस्ता प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ५. खानेपानी संरक्षण र व्यवस्थापनः

घर घरमा, संघसंस्थाहरुमा तथा चूरे क्षेत्रमा पोखरीहरु निर्माण गरी आकाशेपानी संकलन तथा व्यवस्थापन कार्यलाई विशेष जोड दिने, भूमिगत जल तहलाई घट्न बाट रोक्न सिमसार संरक्षण र वृक्षारोपण गर्ने, विशेषत चुरे क्षेत्रमा Water Rechargable pocket बनाउने र खानेपानी स्रोतको परीक्षण गरी गुणस्तरीय पेय पानीको आपूर्ति गर्न आवश्यक कार्यक्रम विस्तार गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ६. प्राकृतिक स्रोत संरक्षण

वनजङ्गल फडानी नियन्त्रण गर्न, बनेका ऐन नियमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने, पोखरी, ताल—तलैया, नदिको अतिक्रमण रोक्ने र तिनको नियमित सरसफाईको व्यवस्थापन गर्न एवम प्राकृतिक जलस्रोतको वरिपरि हरियाली वढाउने जस्ता उपाय अवलम्बन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ७. प्रदुषण नियन्त्रण

बाँयु प्रदुषण नियन्त्रणको लागि कलकारखानाको नियमित अनुगमन तथा नियमन गर्ने, सवारी साधनबाट हुने वाँयु प्रदुषणको लागि नियमित अनुगमन तथा नियमन गर्ने, विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गर्ने, नविकरणीय स्वच्छ उर्जाहरुको प्रयोगमा प्रवर्द्धन गर्ने र निर्माण कार्य बाट हुने वायु प्रदुषण नियन्त्रण गर्न आवश्यक कार्यक्रम एवम नीतिहरु तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

पानीजन्य प्रदुषणलाई नियन्त्रण गर्न औधोगिक कृषि, शहरी ढल निकास आदिबाट निष्काशन हुने पानीको परिक्षण गरी तटस्थ बनाई मात्र जलस्रोतमा मिलाउने, माटो प्रदुषण नियन्त्रण गर्न कलकारखानाबाट निष्कने धुँलो, किटनाशक र रासायनिक मलको प्रयोगमा नियमन र अनुगमन गर्ने, घरभित्रको वाँयु प्रदुषणलाई न्यूनीकरण गर्नका लागि गुँइठा प्रतिस्थापन कार्यक्रम संचालन गरी वायोग्याँस, सुधारिएको चूल्हो, विद्युतीय चूल्हो प्रवर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ८. हरित क्षेत्र विस्तार गर्ने

हरेक विकासको क्रियाकलापमा वातावरणीय संरक्षणको निमित्त एउटा निश्चित प्रतिशतको रकम छुट्याई त्यसको उचित व्यवस्थापन गर्ने, सडक पेटीमा वृक्षरोपण र संरक्षणमा स्थानीयलाई प्रोत्साहन गर्ने, भौतिक संरचना निर्माण गर्दा निश्चित क्षेत्रमा स्थानीय बोटविरुवाहरु लगाउन बाध्यकारी नियम बनाई लागु गर्ने एवम् सम्बन्धित स्थानीय तहहरुसंगको सहकार्यमा मधेश क्षेत्रका नदी, सडक किनारा तथा खाली ठाँउमा वृक्षारोपणलाई अभियानको रुपमा संचालन गर्न बजेट एवम कार्यक्रम बनाउन हुन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ९.वातावरणमैत्री विकास तथा संम्वेदनशील क्षेत्र घोषणा गर्ने

वातावरण संरक्षण र व्यवस्थापनमा प्रत्येक नागरिकको कर्तव्य सम्बन्धी स्थानीय भाषाहरुमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न, वातावरणीय दृष्टिले संवेदनशील क्षेत्रहरु पहिचान गरी त्यस्ता क्षेत्रहरुको सम्बर्द्धन तथा संरक्षण गर्न, वातावरणमैत्री कृषि तथा पशुपालन प्रविधिहरुको प्रवर्द्धन तथा प्रोत्साहन गरी दिगो तथा वातावरणमैत्री उत्पादनमा जोड दिन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

त्यसैगरी चूरे क्षेत्रको संरक्षणका लागि राष्ट्रपति चूरे संरक्षण कार्यक्रमसंग समन्वय गरी त्यस्ता क्षेत्रहरुको सम्बर्द्धन तथा संरक्षण गर्न र स्थानीय जलवाँयु अनुकूलित गाँउ कार्यक्रम लागु गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## १०. क्षमता विकास

वातावरण क्षेत्रका नीति, कार्यक्रम तथा बजेट तर्जुमा र संचालन गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणका पक्षमा जोड दिन लबिङ्ग गर्न, वातावरण क्षेत्रका क्षमता विकास सम्बन्धी कार्यक्रममा वन्चितीमा परेका गरीव, महिला, आदिवासी, जनजाति, दलित लगायतका समुदायलाई प्राथमिकता दिन लबिङ्ग गर्न र वातावरणीय सचेतनाको स्तर वृद्धिका लागि शिक्षण संस्थाहरुमा वातावरणको विषयलाई पाठ्यक्रममा नै समावेश गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

त्यसैगरी विविध संचार माध्ययमको प्रयोग गरी वातावरण सम्बन्धी सूचना प्रवाह गर्न, वातावरण सम्बन्धी अनुसन्धानका क्रियाकलापहरु संचालनमा सरकारी, गैरसरकारी, सामुदायिक, निजी क्षेत्र एंव प्राज्ञिक निकायहरु बीच समन्वय र साझेदारीको अवस्था मजबुद बनाउन र वातावरण व्यवस्थापन सम्बन्धी सूचना प्रणाली विकास गरी यसलाई आधुनिक र प्रविधि मैत्री बनाउन आवश्यक कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ।

यसका साथै मधेशमा सर्वप्रथम सबैभन्दा कमजोर वर्ग, क्षेत्र र जातजातीहरुको वस्तुनिष्ठ पहिचान गरी त्यसरी पहिचान भएको व्यक्तिहरुको क्षमता विकास गर्न मध्यकालीन अवधीका सीपमुलक तालिम निशुल्क प्रदान गर्नुपर्छ । उक्त आर्जित सीप सधै सदुपयोग गरी सधै बेचेर खान मिल्ने र जीविकोपार्जन हुने वातावरण तयार गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## समग्रमा आयोगको सिफारिसहरु

**यस आयोगले जनताका जिज्ञासाहरुलाई समाधानार्थ देहाय वमोजिमका सिफारिसहरु रहेका छन् ।**

१. संघीय तथा सामान्य प्रशासन मन्त्रालयको माध्यमबाट प्रधानमन्त्री तथा मन्त्री परिषदमा ०७५ चैत्र १७ गतेमा बारा, पर्सा जिल्लाको हावा-हुरीबाट समस्या ग्रस्त वासिन्दाहरुको Recue, Relief र Rehab को लागि गर्नुपर्ने केही आवश्यक कामहरुको साथै भविष्यमा अपनाउनु पर्ने विधिहरुको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।(अनुसुची ९)

२. साथै ०७६ असार २६ गते देखी परेको अविरल वर्षाका कारण बाढी-पहिरोबाट जोगीनको लागि तथा जन समस्यालाई समाधान गर्नको लागि नेपाल सरकारलाई सिफारिस गरेको थियो।जसमा नदि मैत्री वातावरण बनाउनुपर्ने, तटबन्दहरुलाई

व्यवस्थित गर्नुपर्ने, चुरेलाई संरक्षित गर्नुपर्ने र दशगजामा निर्माण गरिएको बाँधहरुबाट उत्पन्न परिस्थितिलाई समाधान गर्ने रहेको छ । (अनुसुची ९)

३. जनचेतना, लोकचेतनाको माध्यमबाट अन्धविश्वास र जनस्तरबाट अन्धविश्वास, छुवाछुत, दाइजो प्रथाजस्ता कुरीतिहरु न्यूनीकरण गर्दै जानु पर्ने कमला, कोशी, बलान, गण्डक जस्ता बचाऊ अभियान संचालन गर्न नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

४. थर सुचीकृत गरी मधेशीलाई परिभाषित गर्नुपर्ने । लोकसेवा आयोगका तयारी कक्षाहरु प्रदेशगत रुपमा संचालन गर्नुपर्ने । दलित, महिला तथा विपन्न वर्गलाई सीपमूलक तालिमबाट सशक्तिकरण गर्नुपर्ने र व्यक्तिलाई सकारात्मक सोंचसंग, सोंचलाई शिक्षासंग, शिक्षालाई सीपसंग, सीपलाई उत्पादनसंग, उत्पादनलाई बजारसंग, बजारलाई रोजगारीसंग, रोजगारीलाई चतुर्दिक समृद्धिसंग आवद्ध गर्नुपर्ने जस्ता कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

५. देश दर्शनजस्ता सामाजिक र सांस्कृतिक कार्य गर्नुपर्ने, **तराई-मधेश सांस्कृतिक संग्रहालय निर्माण गर्नुपर्ने**, पुनर्स्थापना केन्द्रहरु स्थापना गर्नुपर्ने, अनाथ बालबालिकाको लागि संरक्षण केन्द्र स्थापना गर्नुपर्ने, महिला नेतृत्वमाथि समाजको विश्वास बढाउनु पर्ने, बालश्रम, सरसफाई सहितमा जनचेतना जगाउनुपर्ने, सामाजिक सुधारका लागि सडक नाटक लगायतका कार्यक्रम प्रभावकारी बनाउनु पर्ने, अन्तर धार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप हुनुपर्ने, श्रमदान र अन्नदानको भावना विकास गर्नुपर्ने जस्ता समयसान्दर्भिक विषयहरुको बारेमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

६. सामाजिक सास्कृतिक रीतिरिवाज संस्कृति सम्बन्धी मेलमिलापमा अझ बढाउनु पर्ने, समाजमा Role Model भएका महिलाहरुबाट प्रशिक्षणको व्यवस्था हुनुपर्ने, Eco-social system लाई सक्षम बनाउनु पर्ने, मातृभाषामा शिक्षाको लागि

पाठयपुस्तक र शिक्षकको व्यवस्था गर्नुपर्ने, पाठ्यक्रममा मधेश र मधेशीका सम्बन्धमा विषयवस्तु हुनुपर्ने, नैतिक शिक्षाको लागि संस्कृत शिक्षामा गुणात्मकता बढाउनु पर्ने, शिक्षा र स्वास्थमा माफियाकरणलाई तुरुन्त निस्तेज गर्नुपर्ने र विश्वविद्यालयहरुको उचित व्यवस्थापन हुनुपर्ने जस्ता सुधारात्मक विषयहरुको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

७. मातृभाषा को पाठ्यक्रम र शिक्षकको अबिलम्ब व्यवस्था हुनुपर्ने, स्वीकृत पाठ्यक्रम मात्र लागु हुनुपर्ने, विद्यालय बाहिर रहेका बाल-बालिकाहरुलाई तत्काल व्यवस्थापन गर्नुपर्ने, भौतिक पूर्वाधार भन्दा पहिले शैक्षिक पूर्वाधार निर्माण गर्नुपर्ने, सांस्कृतिक पर्यटन सडक बनाउनुपर्ने, पाठ्क्रममा विपरीतार्थ नभएर पुरक शब्दको प्रयोग गनुपर्ने, साहित्यलाई समाजको जिवनरेखाको रुपमा सदुपयोग गर्नुपर्ने, विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु (Updated extra activities) हुनुपर्ने र विप्रेषण उत्पादक क्षेत्रमा खर्च गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

८. मूल्य निर्धारण निकायहरु सक्रिय हुनुपर्ने, कृषिको बजारको व्यवस्था हुनुपर्ने, स्थानीयतालाई भूमिमा स्वामित्व बढाउनु पर्ने, शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्ने, चुरेको प्रभावकारी संरक्षण हुनुपर्ने, पूर्व-पश्चिम नहर बनाउनुपर्ने, चुरेलाई Water Rechargeable बनाउनुपर्ने, पोखरी-तालको संरक्षण हुनुपर्ने, प्रदेश २ मा वनको वातावरण कम्तिमा ४०% हुनुपर्ने, प्राकृतिक आपद/विपद जस्तै अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, शितलहर, हावाहुरी जस्ता समस्याहरु बढ्दै गएको, हरित अर्थव्यवस्था (Green Economy) बनाउनुपर्ने र फोहरबाट मोहर कमाउने सोच बनाउनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

९. सन्धी सम्झौताको ऐतिहासिक अध्ययन हुनुपर्ने, कोशी सम्झौता प्रभावकारी ढंगले कार्यान्वयन हुनुपर्ने, ऐतिहासिक सम्झौताको अभिलेखीकरण गर्नुपर्ने र ऐतिहासिक

घटनाहरुको दस्तावेजिकरण गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१०. स्वास्थ्य (Birthing Center) आवश्यक्ता अनुसार व्यवस्थापन गर्नुपर्ने, औषधीको अभाव, विशेषज्ञको अभाव, महिला चिकित्सकको अभाव, अवैध अस्पताल र क्लिनिकहरू संचालनमा रहेकोले उचित व्यवस्थापन गर्नुपर्ने, हुलाकी सडकको पूर्णता दिनुपर्ने, निर्वाचनलाई पूर्णत व्यवस्थित गर्नुपर्ने, राजविराजको एयरपोर्ट नियमित हुनुपर्ने, सखरेश्वरीदेखी ओखलढुंगाको बाटो निर्माण हुनुपर्ने र सीमामा परिचयपत्र लागु गर्नुपर्ने वा सीमा व्यवस्थापन प्रभावकारी तरिकाले हुनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

११. कृषिमा व्यवसायिकरण हुनुपर्ने, प्रतिभावान र पौरखी युवाहरु स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने, सुकुम्बासी समस्या प्रभावकारी ढंगबाट समाधान गर्नुपर्ने र रैथाने मधेशीलाई संरक्षण गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१२. योजनाबद्ध विकासको प्रभावकारी कार्यन्वयन हुनुपर्ने, विश्व वौद्धिक सम्पत्ति सुचिकृत हुनुपर्ने, सार्वजनिक लेखापरीक्षण समयमै गराउनु पर्ने, ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्नुपर्ने, प्राकृतिक विपदको पूर्वतयारीको व्यवस्था स्थानीय सरकारबाट हुनुपर्ने, जनशक्तिको माग र आपूर्तिमा तालमेल हुनुपर्ने, गुणस्तरीय खाद्यान्नको व्यवस्था हुनुपर्ने, शुद्ध खानेपानीको व्यवस्था हुनुपर्ने, सलहेश सर्किटलाई मूर्तरूप दिनुपर्ने, जनता आवास योजना प्रभावकारी बनाउनुपर्ने र संवैधानिक आयोगहरुमा महिलाको पहुँच हुनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१३. मधेशी महिलाको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्ने, धर्मावलम्बीहरुको राष्ट्रिय विदा हुनुपर्ने, बिचौलियाहरुको बिगबिगीलाई निरुत्साहित गर्नुपर्ने, पाठ्क्रममा प्रादेशिक सामग्री र स्थानीय सामग्री हुनुपर्ने,

बालसुधार गृहलाई व्यवस्थित गर्नुपर्ने, गुठीहरुलाई सुव्यवस्थित गर्नुपर्ने, जानकी मन्दिर सहितका प्रसिद्ध स्थलहरुलाई UNESCO मा सुचीकृत गर्ने कार्य अग्रसारित गर्नुपर्ने, गाई र माई लाई संरक्षण गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१४. मारवाडी हरुलाई सांस्कृतिक पहिचान दिनुपर्ने, मौसम विभाग अत्याधुनिक" हुनुपर्ने, "पालिका" केन्द्रित विपद व्यवस्थापन समिति हुनुपर्ने, मानवीय जवाफदेहिता अनुगमन समूह प्रभावकारी हुनुपर्ने र सरकारी निकायहरु जनता प्रति इमान्दार हुनु पर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१५. Culture, Agriculture, Infrastructure, Manufacture, Adventure सहितका क्षेत्रलाई अगाडी बढाउनुपर्ने, करदाता र विकासदाताको भावनालाई संगसंगै लानुपर्ने, निगरानी समूह सशक्त बनाउनुपर्ने, प्रदेश पालिकाहरुमा शीतभण्डार बनाउनुपर्ने, बैंकहरुले सामाजिक उत्तरदायित्वको भावनामा जानुपर्ने र सहकारीहरूको प्रभावकारी नियमन हुनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१६. Conflict होईन Connectivity मा जोड दिनुपर्ने, वनस्पतिहरुलाई अभिलेखन गरी Patent Right लिनुपर्ने, Language Technology लाई देवनागरी लिपीमा क्रमश: लैजानुपर्ने, धर्म संस्कृतिमा अनुसन्धान हुनपर्ने र मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य, परम्परा जस्ता विषयमा खोज अनुसन्धान गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१७. विकासका कामहरु स्थान केन्दित गर्दै जानुपर्ने, हरवाहा-चर्वाहाहरुको लागि घुम्ती विद्यालयको स्थापना हुनुपर्ने, पालिकहरुमा कृषि उपज संकलन, वितरण केन्द्र हुनुपर्ने र कृषिजन्य उद्योगहरुको प्रवर्द्धन हुनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१८. नेपाली फिल्महरुमा र चलचित्रमा समानुपातिक समावेशी छायाङ्कन तथा कामको व्यवस्था हुनुपर्ने, पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्नुपर्ने, मधेशी प्रमाणितको कार्य मधेशी आयोगले अभिलम्ब सुरु गनुपर्ने र कलाको संरक्षणमा प्रभावकारिता ल्याउनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

१९. मधेशी आयोगमा राष्ट्रिय शब्द थपी "**राष्ट्रिय मधेशी आयोग**" बनाउनु पर्ने, मधेशी आयोगलाई यथाशिघ्र प्रदेशस्तर सम्म लैजानु पर्ने, सबै प्रकारको श्रमको सम्मान को वातावरण हुनपर्ने, पूर्वका मधेशी र पश्चिमका मधेशी एवम मधेशी पहाडी बीच सम्बन्ध सुमधुर बनाउनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२०. वैदेशिक रोजगारीले ल्याएको सामाजिक विकृती रोकथाम गर्नुपर्ने, पुनर्स्थापना केन्द्र स्थापना गर्नुपर्ने र अनाथ बालबालिकाको लागि संरक्षण केन्द्र स्थापना गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२१. व्याप्त सामाजिक समस्याका रुपमा रहेको झुठ्ठा मुद्दाको विगविगीलाई अन्त्य गर्नुपर्ने, मधेशीहरु भित्र नै मधेशीको पहुँच बढाउने कार्यक्रम एवम् नीति ल्याउनु पर्ने, राजनीतिमा आपराधीकरण र अपराधमा राजनीतिकरणको अवस्था सुधार गरिनुपर्ने र आदरार्थी शब्दहरुको प्रयोग गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२२. स्थानीय रुपमा निर्मित Pad Bank को प्रोत्साहन गरिनुपर्ने, ज्येष्ठ नागरिकलाई स-सम्मान व्यवस्थापन हुनुपर्ने, महिनावारीको चेतना बढाउनुपर्ने, समानुपातिक समावेशीता लाई अक्षरश: लागू गर्नुपर्ने, पहिचान, प्रतिनिधित्व, पहुँचको समस्या अन्त्य गरिनुपर्ने, सहिदहरुप्रति उचित सम्मान बढाउनुपर्ने र घाइतेका सन्तानलाई निशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी को ग्यारेन्टी गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२३. ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्नुपर्ने, बाढी, अग्नि, आँधीबेहरी, चिसो पिडितको समयमै समस्या समाधान गरिनुपर्ने र त्यस्ता क्षेत्रमा विपद पूर्वतयारी को कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने, दक्ष जनशक्तिको माग र आपूर्तिमा तालमेल बढाउनुपर्ने, तराइमा भुमिगत पानीमा आर्सेनिकको मात्रा अत्यधिक भएको हुदा सोको लागि प्रभावकारी नीति र कार्यक्रम तर्जुमा गरिनुपर्ने र प्रदेश नम्बर २ मा Trauma Center को स्थापना गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२४. प्रदेश २ मा ग्रामीण सीप संरक्षणका लागि MEDPA प्रभावकारी रुपमा लागु गर्नुपर्ने, कृषि बीमा मार्फत कृषकलाई सहयोग गर्नुपर्ने, उत्पादनमुखी र निर्यातमुखी अर्थ व्यवस्था क्रमशः बनाउँदै जानुपर्ने र गरीब, दलित, एकल महिला सहितलाई सशक्तिकरण गर्नुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२५. मधेशमा परम्परा देखी प्रचलनमा रहेका विभिन्न हस्तकलाहरुको विकास, संरक्षण र प्रवर्द्धन गर्दै आयआर्जन कार्यक्रम निमार्ण गरिनुपर्ने र पुरातात्विक तथा सम्पदाहरुको खोज गरी तिनको संरक्षणमा गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२६. मिथिला, भोजपूरा, अवधि सहितका क्षेत्रहरुमा कला संग्राहलयको निर्माणमा प्राथमिकताका साथ प्रारम्भ गरिनुपर्ने र सांस्कृतिक प्रतिष्ठानको स्थापना गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२७. प्रदेशस्तरमा ललितकला प्रज्ञा प्रतिष्ठान, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान को स्थापना र केन्द्रीय प्रज्ञा प्रतिष्ठानसँगको समन्वय गरी प्रज्ञा प्रतिष्ठानको विस्तार गरिनुपर्ने जस्ता विषयमा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

२८. आर्थिक वर्ष २०७६/०७७ का लागि तपसिलमा उल्लेखित कार्यक्रमहरु स्वीकृतीका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा सिफारिस गरिएको छ ।

| | विवरण |
|---|---|
| **सेवा र परामर्श खर्च** | **सेवा परामर्श** |
| | आयोगको नियमावली तर्जुमा |
| | आयोगको निर्देशिका तर्जुमा |
| | आयोगको आर्थिक नियमावली तर्जुमा |
| | थर सूचिकरण गर्ने कार्य |
| | मधेशी समूदायको भाषा धर्म संस्कृती ईतिहासको अध्ययन अनुसन्धानका लागि विज्ञ नियुक्ति |
| | आयोगको एपको भूक्तानी |
| **सीप विकास तथा जनचेतना तालिम गोष्ठि सम्बन्धि तालिम** | **सीप विकास तथा जनचेतना तालिम गोष्ठि सम्बन्धि तालिम** |
| | १. अधिकृतस्तरको लोकसेवा तयारी कक्षा संचालन केन्द्रमा |
| | २. सहायकस्तरको लोकसेवा तयारी कक्षा संचालन प्रदेश नं. १, प्रदेश नं. २ र प्रदेश नं. ५ मा |
| | ३. आर्थिक रुपले विपन्न दलित महिलाका लागि सीपमूलक तालिम संचालन प्रदेश नं.१ , २ र ५ |
| **कार्यक्रम खर्च** | **कार्यक्रम खर्च** |
| | मधेशी आयोगको सरोकारवालाहरु (राजनीतिक दल, पेशाविद, पर्यावरणविद, संघ संगठन नागरिक समाज एवं प्रशासनिक निकायहरु) सँगको बैठकमा हुने खाजा र स्टेशनरी खर्च प्रति कार्यक्रम रु १५ हजारका दरले ५० वटा बैठक |
| | वार्षिकोत्सव कार्यक्रम |
| | प्रदेशस्तरीय अनुशिक्षण गोष्ठी ७ वटा प्रदेशमा |
| | जिल्लास्तरीय अनुशिक्षण गोष्ठी |
| | मधेश प्रोफाइल निर्माण |
| | संघ र प्रदेश सभासद एवं राजनीतिक दलका नेतासँग गोष्ठी |
| | केन्द्रिय अनुशिक्षण गोष्ठी |
| | मधेशी समूदायको भाषा र लिपी संरक्षण र विकासको अध्ययन अनुसन्धान |
| | सूचनामूलक जिंगलहरु प्रशारण |
| | वार्षिक प्रतिवेदन लेखन तयारी बैठक |
| | प्रतिवेदन छपाई |
| | प्रतिवेदन पेश गर्ने कार्यक्रम व्यवस्थापन |

# परिच्छेद-५

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ५.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र कार्यालय प्रयोजनको लागि गाडी, मोटरसाइकल, ल्यापटप, टिभी, सी.सी.क्यामरा, प्रोजेक्टर, अफिस टेबल आदि सामानहरु खरिद गरिएको छ । विस्तृत विवरण र आयोगको भौतिक सम्पतिको जिन्सी निरीक्षण फाराम अनुसूची-१२ मा उल्लेख गरिएको छ ।

# परिच्छेद- ६

## उपलब्धी, चुनौति, सुझाव र भावी कदमहरु

### ६.१ उपलब्धिहरु

विद्युतीय शासन (E Governance) को विश्वव्यापी र समयानुकुल अवधारणालाई कार्यान्वयनमा ल्याउने उद्देश्यका साथ मधेशी आयोगले शुरु गरेको "पूर्ण प्रविधिमैत्री आयोग" निर्माणको प्रक्रिया जारी छ | आयोगमा मिति २०७६/०१/०२ देखी शुरु गरिएको विद्युतीय हाजिरी प्राणाली (E-Attendance System) हाल पूर्ण रुपमा लागु गरिएको छ | आयोगको कामकारवाहीको आयोगभित्रैबाट निगरानीका लागि CCTV Monitoring System र मोबाइलमार्फत अन्यत्रबाट समेत निगरानीका लागि Mobile Monitoring को व्यवस्थापन गरिएको छ | आयोगको बैठक संचालन सम्बन्धी स्वीकृत कार्यविधि अनुसार मधेशी आयोगका आन्तरिक बैठकहरु संचालित भैरहेका छन् |

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १० र ११ मा उल्लेखित प्रावधान अनुसार विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्न अग्रसरता देखाइएको छ | विभिन्न संवैधानिक आयोगहरुसंग समन्वय र सहकार्यका लागि बैठक गरिएको छ र बैठक गर्ने क्रम यथावत छ | त्यसैगरी नागरिक समाजका अगुवाहरुसंगको बैठक पनि अग्रगतिमा रहेको छ | सन्चारकर्मी, कानून व्यवसायी, संस्कृतिविद, सामाजिक क्षेत्रका अगुवा, राजनीतिक दलका प्रतिनीधि र नीजि क्षेत्रका व्याक्तिहरुसंग बैठकको क्रम जारी रहेको छ | आयोगको बैठक कक्षमा राष्ट्रिय स्तरका टेलिभिजन सन्चारकर्मीसंग अन्तरक्रिया कार्यक्रम सुसम्पन्न भएको छ र अन्य संचारकर्मीहरु तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रम जारी रहेको छ | आर्थिक वर्ष २०७५/०७६ को अन्तिम चौमासिकमा प्रदेश १, २, ३  ५ र सुदूरपश्चिममा सफलतापूर्वक अनुशिक्षण गोष्ठी संचालन गरिएको छ |

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (ठ) मा भएको व्यवस्था बमोजिम आयोगले मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने प्रयोजनार्थ विकास गरिएको उजुरी फारम स्वीकृत भएको छ र प्रयोगमा आएको छ | माननीय अध्यक्षज्यूको नेतृत्वमा मिति २०७५/१२/१७ गते बारा र पर्सा जिल्लामा भएको भीषण आँधीबेहरीको स्थलगत अनुगमन पश्चात सोको प्रतिवेदन आवश्यक कार्यार्थ सम्बन्धित निकायमा पठाईएको छ | मधेशी आयोगका बारेमा मैथिली र नेपाली भाषामा सन्देशमूलक सूचना (Jingle) को निर्माण भई स्थानीय संचारमाध्यमबाट प्रशारण समेत भएको छ | काठमाडौंमा मिति २०७६/०३/२५ गते विज्ञहरुसंग भव्यताका साथ राष्ट्रिय कार्यक्रम सुसम्पन्न गरिएको छ | मधेशी आयोगसम्म आम मानिसको सहज र सरल पहुँचका लागि आयोगसंगका निम्नानुसारका सम्पर्कका सूत्रहरुको व्यवस्था गरिएको छ :

वेबसाइट :www.madheshicommission.gov.np

टोल फ्री नम्बर :16600116185

फ्याक्स :01-5261184

फेसबुक पेज:मधेशी आयोग- madheshi commission

मोबाइल एप: मधेशी आयोग (Madheshi Commission)

टेलिफोन:015261185, 01-5261207, 01-5261204

## ६.२ प्रमुख चुनौतिहरु

मधेशी आयोग आर्थिक वर्ष २०७५/०७६ को तेस्रो चौमासिकमा मात्र स्थापना भएको र हालसम्म पनि माननीय अध्यक्षज्यू बाहेक अरु पदाधिकारीहरु नियुक्त हुन् नसकेको, पछि नियुक्त भए पनि आयोगको आफ्नो जग्गा र भवन नहुँदा कार्य वातावरण र भौतिक अन्तर सम्बन्ध कार्यमुलक बनाउन अत्यन्त चुनौतीपूर्ण देखिन्छ र आयोगको

दरवन्दी अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै कर्मचारीहरु नखटाइएकोले आयोगका काम कारवाहीलाई अध्यक्ष र सीमित कर्मचारीहरुबाट मात्र सम्पन्न गर्नु परेको छ । आयोगको कार्यक्षेत्र र जिम्मेवारी अनुसार काम गर्न आफ्नै छुट्टै कार्यालय भवन लगायतका संरचना, संयन्त्र तथा अन्य श्रोत सुविधा नहुनु, आवश्यक दक्ष जनशक्ति नहुनु, आवश्यक तथ्यांकहरुको अभाव हुनु चुनौतीका रुपमा रहेका छन् ।

आगामी दिनमा आयोगले आफ्ना काम, कर्तव्य र अधिकार प्रयोग गर्न पर्याप्त तथ्यांक एवं सूचनाहरु प्राप्त गर्नुपर्ने हुन्छ । यस्ता तथ्यांक एवं सुचनाहरु समयमै उपयुक्त स्वरुपमा प्राप्त गर्नु आगामी दिनका चुनौतीहरु रहेका छन् । आयोगका काम कारवाहीहरु पर्याप्त अध्ययन अनुसन्धान र विश्लेषणबाट हुनुपर्ने भएकाले आगामी दिनमा सम्बन्धित विषयमा गहन अध्ययन अनुसन्धान गर्नु गराउनु पनि चुनौतीका रुपमा रहेको छ । साथै मधेशी समुदायको अधिकार संरक्षण र सम्वर्धन गर्नु, मधेशी समुदायको सशक्तीकरण गर्नु र त्यस्तो समुदायमाथि हुने सबै प्रकारका भेदभाव र हिंसाको प्रभावकारी रुपमा अनुगमन गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ६.३ सुझावहरु

मधेशी आयोगका बाँकी पदाधिकारीहरुको नियुक्ति, विशिष्ट श्रेणीको सचिव व्यवस्थापन, जनशक्तिको उपलब्धता, संगठन संरचना र दरवन्दी अनुरुपको कर्मचारीहरुको पदपूर्ति भई निजहरुको क्षमता अभिवृद्धि, मधेशी समुदायको अधिकार उल्लंघनका विरुद्धमा आम जनतामा सचेतना अभिवृद्धि, सरोकारवालाहरुको सहयोग, सहभागिता र सहकार्य, आयोगका चेतनामुलक कार्यक्रमहरुको कार्यान्वयनका लागि आयोगलाई साधन श्रोत सम्पन्न बनाउन सकेको अवस्थामा आयोगको काम प्रभावकारी हुन जानेछ भने श्रोत न्यूनता चुनौतिको रुपमा रहनेछ । पीडितहरुले सरकारबाट प्राप्त गर्नुपर्ने सहयोग सरल र सहज उपलब्ध भएमा, दण्डहिनता न्यूनीकरण भई न्यायको प्रत्याभूति गराउन सकेमा र आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयन हुन सकेमा आयोगले लिएको उद्देश्य हासिल हुन सक्ने देखिन्छ अन्यथा मधेशी समुदायको अधिकारको संरक्षण, सम्वर्धन

र प्रवर्धन गर्नमा आयोग असफल हुने जोखिम अत्यधिक छ | आयोगको आफ्नो जग्गा र भवनको व्यवस्था गर्नु आवश्यक छ । मधेशी समुदायको मात्र आर्थिक, सामाजिक र राजनीतिक अवस्था झल्किने गरी अध्ययन अनुसन्धान गरी शीघ्र रुपमा सर्वेक्षण गरी तथ्याङ्क प्रकाशन गरी आयोगको कार्यसम्पादन लाई सहज बनाउन जरुरी छ । त्यसैगरी आयोगको कार्यक्षेत्रमा काम गर्न पर्याप्त कार्यक्रम बजेट व्यवस्था नेपाल सरकारले गरी कार्य वातावरण तयार गर्नु अत्यन्त आवश्यक छ ।

## ६.४ भावी कदमहरु

१. सबै तह र तप्काका मधेशीहरुको मानव अधिकारको संरक्षण र विकास गर्नुपर्ने गरी सरकारले कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ |

३. विभिन्न क्षेत्र तथा तहहरुमा मधेशी समुदायहरुको समानुपातिक, सामाजिक समावेशी तथा अर्थपूर्ण सहभागिताको साथै लैंगिक एवं फरक क्षमताका लागि मूलप्रवाहीकरण सुनिश्चित गर्ने, मधेशी आयोग ऐन २०७४, बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि आर्थिक वर्षमा अधिकृतस्तरको र सहायकस्तरको लोकसेवा तयारी कक्षा संचालन गर्ने र दलित तथा विपन्न समुदाय लक्षित सीपमूलक र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन सबै तहका सरकारले गर्न तर्फ पहल बढाउनुपर्ने देखिन्छ ।

४. मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नियमित प्रतिवेदनहरु सरकारका तर्फबाट सार्वजनिकरण गर्नुपर्ने देखिन्छ ।

५. मधेशी समुदायको हक अधिकारलाई विकासका मुद्दाहरुसंग संरचनागत र कार्यात्मक रुपले अन्तरसम्बन्ध जोड्न सरकारले आफ्ना निकायहरु समन्वयात्मक रुपमा परिचालन गर्नुपर्ने देखिन्छ ।

६. प्रदेशगत एवं जिल्लागत प्रतिनिधित्व हुने गरी कार्यक्रम सञ्चालनमा व्यवस्थित मापदण्ड लागु गर्नुपर्छ । त्यसका लागि स्थानीय, प्रदेश र संघीय स्तरको निकायमा सम्पर्क विन्दु तोकिंदा कामकारबाहीमा सहज हुन्छ ।

७. मधेशी आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा राजनीतिक दलहरुसंग र जननिर्वाचित प्रतिनिधिहरुसंग बैठक गरी आयोगको काम कारवाहीमा सहयोग लिन कार्यक्रम तर्जुमा हुनुपर्छ ।

८. मधेशी आयोग ऐन, २०७४ को दफा २७ तथा सोहि ऐनको दफा २८ मा क्रमश भएको नियम बनाउने अधिकार र निर्देशिका बनाउने अधिकारको प्रयोग गरी मधेशी आयोग ऐन, २०७४ कार्यान्वयन गर्नको लागि आवश्यक नियम तथा निर्देशिकाहरुको निर्माण कार्य आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिकमा सम्पन्न गर्ने गरी कार्ययोजना ल्याउनु पर्छ ।

९. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा भएको व्यवस्था बमोजिम विशेषज्ञको सेवा लिई ऐनमा निर्देशित विभिन्न प्रकारका कार्यहरु सम्पन्न गर्ने वातावरण कायम गरी सरकारले टेवा पुर्याउनु पर्छ ।

१०. मधेशी समुदायमा को-को पर्दछन् भन्ने विषय र कुन कुन जातीहरुलाई मधेशी मान्ने भन्ने स्पष्ट परिभाषित गर्दै एकीकृत निर्देशन गरी मार्गदर्शन हुने तरिकाले सबै निकायलाई परिपत्र सरकारले गर्नुपर्ने आवश्यक देखिन्छ ।

११. स्थानीय तहको वडा स्तरबाट मधेशीको सिफारिस गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट सेवा प्रवाह भई जनताले नजिकबाट सेवा पाउनु आफैमा सकारात्मक पक्षको रुपमा रहेकाले आयोगले नै यसको सराहना गर्दछ। स्थानीय तहमा यस्तो विषयमा विवाद भएको खण्डमा कुन मानिस मधेशी हो वा होइन भन्ने विषयको अन्तिम निर्णय आयोगबाट हुनुपर्ने व्यवस्था गर्नुपर्छ, यसका लागि मधेशी आयोग ऐन, २०७४ मा संशोधन गरी कार्यक्षेत्रमा थप गर्नुपर्ने आवश्यक छ।

१२. मधेशी समुदायको आर्थिक, सामाजिक, राजनीतिक, प्राविधिक, जनसाङ्खिक, सांस्कृतिक, प्रशासनिक र भौगोलिक पक्षको तथ्याङ्कहरु उपलब्ध हुने गरी नेपाल

सरकारले तथ्याङ्क संकलन गर्ने विशेष जनगणना वा सर्वेक्षणको कार्यक्रम ल्याइ मधेशी आयोगको कार्यसम्पादनलाई वस्तुनिष्ठ र विश्वासनीय बनाउन मद्दत पुऱ्याउनु पर्ने, यसका लागि मधेशी आयोग लगायत सरोकारवाला निकायहरुसँग वृहत छलफल आयोजना गरी तथ्याङ्क प्रणालीमा संशोधन गर्नुपर्ने, यसका लागि नेपाल सरकारले शीघ्र पहल गरी सम्बन्धित निकायमा निर्देशन दिनु पर्ने देखिएको छ।

१३. नीति र कार्यक्रम तर्जुमा गर्न पर्याप्त बजेट, दक्ष जनशक्ति र समावेशी पक्षबाट हेर्न सकिने गरी सरकारको आधिकारिक तथ्याङ्क सार्वजनिक हुनुपर्ने आवश्यकता रहेकाले सरकारले यसलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ।

१४. ऐनको दफा १.३ (ख) अनुसारका कार्यहरु क्रमश: सञ्चालन र व्यवस्थापन गर्दै जानुपर्नेछ ।

**अनुसूची १** : (परिच्छेद १ सगँ सम्बन्धित)

# मधेशी आयोगको संगठन संरचना



अनुसूचि २

# आ.व. २०७५/०७६ मा आयोगमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | कार्यरत कर्मचारीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव | रा.प. प्रथम | प्रशासन | सनत के.सी. | |
| २. | उप- सचिव | रा.प. द्वितीय | प्रशासन | हरि बखती | |
| ३. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | श्रवण कुमार लुइटेल | |
| ४. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | रमेश कुमार दास | |
| ५. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | नील कुमार फुयाल | |
| ६. | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | कृष्ण प्रसाद तिमेल्सेना | |
| ७. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | कलम बहादुर खत्री | |
| ८. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | माधव भट्टराइ | |
| ९. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | अनुश आचार्य | |
| १०. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | ललित कुमार शाह | |
